# बहुउद्देश्य सहकारी संस्थाले स्थानीय उपभोक्तको आर्थिक तथा शैक्षिक अवस्थामा बारेको प्रभाव

(बालुवाडी गा.वि.स., झापा)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर तह
एम.एड. द्धितिय वर्षको आंशिक आवश्इकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

नरमदा कुमारी राजबँशी

एम.एड. दोस्रो वर्ष

परीक्षा रोल नं. २८०२७१

त्रि.वि. दर्ता  नं. : ९-२-५८६-२३-२००७

भर्ना वर्ष : २०६८

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर


२०७१

## सिफारिस -पत्र (Recommendation Letter)

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत अर्थशास्त्र शिक्षा विषको स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि “बहुउद्देश्य सहकारी संस्थाले स्थानीय उपभोक्ताको आथिृक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव” शीर्षकमा छात्रा नरमदा कुमारी राजबँशीले मेरो निर्देशन, सुपरिवेक्षण र सुझावमा यो शोध पत्र तयार पार्नु भएके हो । यो शोधपत्र स्वीकृतिको लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

………………

मिनराज पौडेल

शोध निर्देशक

अर्थशास्त्र शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र (Approval Letter)

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको आशिक आवश्यकताप रिपूर्तिका लागि “बहुउद्देश्य सहरकारी संस्थाले स्थानीय उपभोक्ताको आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव” शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. | विभागिय प्रमुख | ................................ |
| | | उप.प्रा. मिनराज पौडेल |
| २. | बाहय परीक्षक | .................................. |
| | | प्रा.डा. महेशराज दालाल |
| ३. | शोधनिर्देशक | .................................. |
| | | मिनराज पौडेल |

मितिः

# अध्याय : एक (Chapter : One)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपालमा सहकारीको प्रार्दुभाव आदिम कालदेखि भएको कुरा अनुमान गर्न सकिन्छ । विगतमा हाम्रो मुलुकको सामाजिक संरचना सहकारी भावनामा आधारित रहेको थियो । त्यही सहकारी भावनाबाट समुदायमा आधारित, नेपाली संस्कृतिको निर्माण भएको थियो । जसमा आफ्नै किसिमको मौलिकता रहेको देखिन्छ । यसले हाम्रो समाजलाई पश्चिमी मुलकको संस्कृतिबाट पृथकता प्रदान गरेका छ । नेपाल राज्य एकीकरण भन्दा अगाडि नेपाली समाजमा छरिएर रहेका राज्यहरूको स्वरूप पनि सहकारीतामा आधारित थियौ । समाजको परिवर्तनसँगै सहकारी क्षेत्रमा थुप्रै परिवर्तन देखा पर्दै गएका छन् । मुलुकभर छरिएर रहेका नेपाली नागरिकहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने कुरालाई दृष्टिगत गरी राज्यको तर्कबाट सहकारी क्षेत्रको नियमन र प्रवर्द्धन पक्षलाई व्यवस्थित गर्ने काम हुँदै आएको छ (सहकारी विभाग, २०७०) ।

मानव सभ्यताको विकास देखि नै सहकारिताको विकास भएको पाइन्छ । कार्यमा मौरीले समूहमा आवद्ध रही कार्यगर्ने परिपाटी नै सहकारी विकासको मूल कडी हो । नेपालमा प्राचिन समयदेखि नै सहकारिताको भावना अनुरूप नै सामूहिक रूपमा कार्य गर्ने प्रथाको विकास हुँदै आएको पाइन्छ । नेपालको पूर्वी भेगमा धर्म भकारी, पर्म मध्ये पहाडी क्षेत्र तथा काठमाडौंमा गुठी, पश्चिमी भेगमा ठिकुरी जस्ता सामुहिक क्रियाकलापहरू नै सहकारिताको प्राचिन रूप हो (राष्ट्रिय सहकारी विकास वोर्ड, २०६६) ।

नेपालमा सहकारीमा प्राचिन रूप भनेको तत्कालिन स्थान विशेषमा प्रचलित विभिन्न प्रथाहरू नै हुन् । जस्तो नेपालको पश्चिममा प्रचलित ठिकुरी, पूर्वी भेगमा पर्सा साथै उपत्यकाको मंकाखलः तथा गुठी सामुहिक कृयाकलाप गर्ने प्रथा । जस अन्तर्गत सहकारिताको भावन अनुरूप सामुहिक रूपमा काम गर्ने गरिन्थ्यो (सहकारी केन्द्र, २०६६) ।

वि.सं. २०१० मा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग स्थापनाबाट संस्थागत रूपमा सहकारिताको विकास शुरु भएको हो । वि.सं. २०११ सालमा बढी पिडित जनतालाई बसोबास गराउन नेपाल सरकारबाट बहुमुखी विकास योजना प्रारम्भ गर्दा सहकारिताको महसुस गरियो । यसैको फलस्वरूप वि.सं. २०१३ साल मै अमेरिकाको सहयोगमा सञ्चालित विकास आयोजना अन्तर्गत चितवन जिल्लाको राष्ट्रिय पुनमा १३ ओटा बचन तथा ऋण सहकारी संस्था दर्ता गरिए । वि.सं. २०१५ सालमा सहकारी विभाग ग्राम विकास बैंकको प्रशासनिक नियन्त्रणमा सहकारी सम्बन्धी कार्यहरू अगाडि बढाइयो । सहकारी कानूनलाई औपचारिकता सहकारी ऐन २०१६ तर्जुमा भएपछि प्रदान गरियो । सहकारी, संस्था नियमावली २०१८ मा तय गरियो भने यसैसालमा सहकारी विकास कोषण्को व्यवस्था पनि गरियो । यसैगरी वि.सं. २०१९ सालमा सहकारी सम्बन्धी जनचेतना कैलाउने उद्देश्यले सहकारीमा संलग्न जनशक्तिलाई शिक्षा तालिम दिलाउने सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । वि.सं २०२० सालमा सहकारी बैंकको स्थापना भएपछि २०१४ सालमा गाउँ फर्क राष्ट्रिय अभियानमा सहकारी कार्यक्रमलाई पनि समावेश गरी अगाडि बढाउने कार्य गरियो । वि.सं. २०२५ सालमा सहकारी विभाग अन्तगृत सञ्चालित संस्थाहरूको प्रशासनिक भूमि सुधार विभागलाई सुम्पियो । वि.सं. २०२६ सालमा सहकारी विभाग भूमि सुधार मन्त्रालय अन्तर्गत रहेपछि सहकारी संस्थाहरूको प्रशासनिक सहकारी विभागहरूबाट सञ्चालन संघ संस्थाको पुनः गठन गरी र एकिकरण गरी निदिष्ट सहकारी कार्यक्रम लागु गरियो । वि.सं. २०२७ सालमा सहकारी सुदृढिकरण कार्यक्रम अन्तर्गत सहकारी ग्रामिण विकासका लागि संस्थागत विकास गर्न साझा कार्यक्रम लागु गरियो । यस कार्यक्रम अन्तर्गत ३० जिल्लाका हरेक गा.वि.स. मा बहुमुखी सहकारी संस्था खोलियो । पुजी व्यवस्थापनका लागि अनिवार्य वचत सहकारी संस्थाका शेयरका परिणत गरियो । वि.सं. २०३५ सालमा सहकारी संघ संस्थाको व्यवस्थापन कृषि विकास बैंकबाट संघ संस्थाकै सञ्चालक समितिलाई जिम्मा लगाइयो । गुणात्मक विकासका लागि सहकारी एकिकरण गरियो (सहकारी प्रशिक्षण केन्द्र, २०६६) ।

वि.सं. २०३७ सालमा तत्कालीन संविधानको संशोधन हुँदा राज्यका निर्देशक सिद्धान्तमा सहकारीलाई आर्थिक मेरु दण्डको रूपमा समावेश गरियो । वि.सं. २०४१ सालमा साझा संस्था ऐन जारि भयो । वि.सं. २०४४ सालमा उच्च स्तरीय साझा विकास केन्द्रीय समन्वय समितिको गठन गरियो र साझा विकास विभाग कृषि मन्त्रालयमा

सारियो । वि.सं. २०४६ सालमा राष्ट्रिय सहकारी विकास वोर्डको गठन भयो । सहकारी ऐन २०४८ र नियमावली २०४९ जारी भएपछि २०५० सालमा सहकारी संस्थाको स्थापना भयो । समयको क्रमसँगै सहकारी ऐनमा केही संशोधन गरियो । यसरी नेपालमा भएका सहकारिताको प्रारम्भ र विकासक्रम प्रथा, पर्मा, धर्म भकारी, ढुकरी मंकाखल : तथा गुठीबाट हालको अवस्थामा आई पुग्यो (सहकारी प्रशिक्षण केन्द्र, २०६६) ।

सहकारी संस्था भनेको समान आर्थिक क्षमता, इच्छा, आकांक्षा र मूल्य र मान्यता भएका सामान्यतया कमजोर आर्थिक हैसियत भएका व्यक्ति समूहहरूले एक आपसमा मिलि सामूहिक अभिवृद्धिको लागि सामुकि रूपमा नै व्यवसाय वा उद्यम सञ्चालन गर्ने संस्था हो । (कोइराला, २०६६) सहकारी भनेको त्यस्ता मानिसहरूको संगठन हो जुन स्वेच्छिक रूपमा एकजुट भै आफ्ना आर्थिक, सामाजिक आवश्यकता र आकांक्षाको परिपूर्ति, प्रजातान्त्रिक नियन्त्रण प्रणालमिा आधारित पद्धति मार्फत गर्न चाहन्छन् । यसमा 'म' को सट्टा हामीहरू प्रयासद्वारा मानव जीवन पद्धतिको हरेक क्षेत्र जस्तो कृषि, घरेलु तथा साना उद्योग तथा मझौला व्यवसायको सञ्चालन तथा प्रवर्द्धन सामूहिक सेवाहरूको विस्तार एवम परिचालन सहकारीको माध्यमबाट हुन सकछ (पौड्याल, २०६०)

आफ्ना निश्चित उद्देश्य आवश्यकता वा समस्याको समाधानको निम्ति व्यक्तिहरूको सामूहिक संलग्नता निरन्तर आर्थिक सहकारिता वा पुँजीगत योगदानः प्रजातान्त्रिक ढङ्गबाट समान मान्यताहरूको अवलम्बन गरी इच्छित उद्देश्यको परिपूति, संस्थाको प्रवद्धन स्थामित्व र नियन्त्रण व्यक्ति (सदस्य) हरूको आफ्नो आवश्यकता पुरा हुने गरी गरिने एउटा पद्धति नै सहकारी हो । अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance IIAC) ले सहकारीलाई परिभाषित गर्दै भनेको छ, संयुक्त स्वामित्व र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरूको स्वेच्छिक सहभागिताबाट गठित स्वायत्त र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरूको स्वेच्छिक सहभागिबाट गठित स्वायत्त संगठन जसले उनीहरूको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षाको परिपूति गर्दछ । जसलाई सहकारी भनिन्छ । स्व, सहयोग, स्वा उत्तरदायी, प्रजातन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारिता, खुल्लापन, सामाजिक उत्तरदायित्व र अरुको हेरचाह जस्ता आधारभूत र नैतिक मूल्यहरूलाई सामत्सात गरेको यस सहकारी क्षेत्रको प्रारम्भ नै बेरोजगार, शोषण विपन्वता,

दरिदर्ता, प्राकृतिक विपत्ति जस्ता समस्याहरूलाई सामुकिह रूपबाट समाधान गर्ने उद्देश्यले भएको हो (शर्मा, २०६९) ।

सहकारी सिद्धान्तलाई समयानुकुल सर्वस्विकार्य बताउने हेतुले सन् १९९५ को सेप्टेम्बरमा अन्तर्राष्ट्रिय सहकारी महासंघको ३१ औं सभाबाट परिमार्जन सहित पारित भएका सहकारिताको सात सिद्धान्त ऐच्छिक तथा खुला सदस्यता सदस्यता, सदस्यद्वारा सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायता र स्वतन्त्रता, शिक्षा, तालिम तथा सूचना, सहकारीहरूबीच सहकारिता र समुदायप्रति चासो हुने र क्रेडिट युनियनद्वारा बचत तथा ऋण सहकारीका लागि प्रतिपादित सिद्धान्तहरू खुल्ला तथा ऐच्छिक सदस्यता, प्रजातान्त्रिक नियन्त्रण, भेदभावरहित सदस्यहरूलाई सेवा सदस्यहरूलाई वितरण, आर्थिक, स्वामित्व, अन्तरता शिक्षा सहकारीहरूबीच सहयोग सामाजिक दायित्व आदि रहेका छन् । यिनै सिद्धान्तको अधिनमा रही गरिने सहकारी क्षेत्रको विकास र विस्तारले नै गरिबी न्यूनिकरण अभियानलाई सार्थकता प्रदान गर्दछ । जुनकुरालाई संयुक्त राष्ट्रसंघको सहकारी वर्षमा रूपमा मनाउने गरी प्रस्ताव पारित गर्नुले पनि पुष्टि गरेको छ । अन्तर्राष्ट्रिय सहकारी वर्ष सन् २०१२ को नारा "Cooperative Enterprises Build a Better World" भनेर तय गरियो (शर्मा, २०६९) ।

नेपालमा सहकारी संस्था सञ्चालन गर्ने कानूनी प्रावधान देशका कृषक, कालिगठ कम पूँजीगत निम्न आयवर्ग, श्रमिक, भूमिहिन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी सङ्ख्या र संघहरूको गठन र सञ्चालन सम्बन्धी व्यवस्था गर्न सकिन्छ (जसका नीति शाखा, २०६५) ।

प्रारम्भिक संस्था खोल्नका लागि कम्तिमा २५ जना व्यक्तिहरू सदस्य हुनुपर्ने छ भने विषयगत संघ खोल्नको लागि कम्तिमा पाँचजना प्रारम्भिक सहकारी संस्थाहरू सदस्य भएको हुनुपर्नेछ । त्यसैगरी जिल्ला सहकारी संघ खोल्नका लागि पाँचवटा प्रारम्भिक सहकारी संस्था र परिचय विषयगत संघ सदस्य भएको हुनुपर्ने, केन्द्रीइ सहकारी संघ खोल्नको लागि प्रारम्भिक सहकारी कम्तिमा २५ वटा, विषयगत संघ कम्तिमा पाँचवटा सदस्य भएको हुनुपर्ने र राष्ट्रिय सहकारी संघका लागि विषयगत संघ जिल्ला सहकारी संघ र केन्द्रीय सहकारी संघ गरी कम्तिमा १५ वटा संघ संस्थाहरू सदस्य भएको हुनुपर्ने छ ।

एउटै जिल्लामा एकभन्दा बढी सहकारी संघ एकै प्रकृतिका विषयगत संघ र एकै प्रकृतिका केन्द्रीय सहकारी संघ गठन गर्न सकिने छैन भने त्यस्ता संघ वा संस्था दर्ता गर्नका लागि संस्था वा संघको दुईप्रति विनिमयहरू कार्य योजना तथा सदस्यहरूले लिन कवुल गरेको शेयरको विवरण संकलन गरी रजिष्ट्रर समक्ष दरखास्त दिनुपर्ने हुन्छ । यस ऐन अन्तर्गत बनेका नियमहरूको अधिनमा रही संस्था वा संघले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछन् । यसरी बनाएको विनियम रजिष्ट्रारको स्वीकृत गरेपछि लागु हुनेछ । प्रत्येक संघ वा संस्थाको सञ्चालन तथा व्यवस्थापन सने संस्था वा संघको विनियम बमोजिम हुनेछ । विनियममा संघ वा संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य सञ्चालन विधि तथा तोकिएको अन्य विवरणहरू खुलाएको हुनुपर्ने छ । विनियमको संशोधन सम्बन्धित संघ वा संस्था वा संघको दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा गराउनुपर्ने र प्रत्येक संस्था वा संघले वार्षिक साधारण सभा गराउनु पर्ने हुन्छ । साधारण सभाले सञ्चालक समिति, लेखा समिति उप समिति, समितिको सदस्यको निष्कासन वा समितिको विघटन, उपसमितिहरूको चयन, कर्मचारी तथा सल्लाहकारहरूको नियुक्ति गर्नेछ (कृषि तथा सहकारी नीति शाखा, २०६५) ।

सहकारी प्रणालीको माध्यमबाट मुलुकको आर्थिक सामाजिक तथा सांस्कृतिक विकासगरी सहकारी संस्थाका सदस्य लगायत आम नागरिकहरू र विशेष गरी आर्थिक, सामाजिक, शैक्षिक रूपमा वञ्चित दलित, जनजाति र पिछडिएका महिलाहरूको जीवन स्तरमा सुधार गर्न र स्थायी परिवर्तन ल्याउन सकिने, प्रचुर सम्भावनाहरू रहेका छनन् । सहकारीको माध्यमबाट महिलाहरूको आफुसँग रहेको सीमित स्रोत, साधन र सिपको उपयोगगरी आत्मनिर्भर बन्ने प्रयास हुनुका साथै महिलाहरू आय मुलक तथा रोजगारीमुलक कार्यमा सहकारीका माध्यमबाट सहमति भएका कारण ग्रामिण गरिबी निवारणमा मह[illegible]वपूर्ण योगदान पुगेको देखिन्छ, साथै परिवार समाज र राष्ट्रका दुवै पक्षमा सकारात्मक परिवर्तन्न ल्याउनको लागि सहकारिताको थप विकास तथा विस्तार गरिनुपर्दछ (पौड्याल, २०६०) ।

नेपालमा उपलब्ध स्रोत साधनको पृष्ठभूमि दिगो आर्थिक विकास एवम् मजवुत ग्रामिण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार कृषि क्षेत्र नै हो । प्रविधिको प्रयोग न्यून रहेको विद्यमान अवस्थाबाट माथि उठाउन प्रविधिको व्यापक प्रयोग गराई प्रति एकाइ

उत्पाकत□वमा वृद्धि ल्याउन र उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउन नसके सम्म कृषि विकासले गति लिन नसक्ने हुन्छ । तसर्थ दिर्घकालिन कृषि योजनाद्वारा परिलक्षित उत्पादनका साधन तथा सेवाहरूको एकिकृत प्रयोग कृषि क्षेत्रमा उत्पादन स्रोत सामग्रीहरूको उत्पादनसिलता बनाउनका साथै आन्तरिक एवम् बाह्य बजारमा आधारित उच्च मूल्यका बाली तथा वस्तुहरूको उत्पादन तथा व्यवसायिकरण गर्न जरुरी हुन्छ । यसक्रममा कृषि, बाली, पशु तथा वस्तु विशेषको पकेट क्षेत्रहरूलाई क्रमिक विस्तार गर्दै यसलाई व्यवसायिक कृषि विकास क्षेत्रमा रूपान्तरण गर्दै लैजानु जरुरी छ । व्यवसायिक कृषि विकास क्षेत्रहरूमा पूर्वाधार विकास, कृषि प्रविधि प्रसार एवम् तालिम ऋण बजार लगायतका सेवा सुविधाको प्याकेजको उपलब्धता सुनिश्चित गर्नुपर्दछ । सामान्य क्षेत्रमा निजी सहकारी क्षेत्र, गैर सहकारी क्षेत्र एवम् महिलाको सहभागिता अभिवृद्धि गर्दै कृषि उत्पादन प्रशोधन र बजार प्रणालीलाई दिगो गराउन पनि जरुरी छ (राष्ट्रिय सहकारी विकास वोर्ड, २०६६) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली जनताको न्यून स्तरको आर्थिक सामाजिक अवस्था नै आर्थिक विकासका लागि मुख्य बाधक सावित भएको छ । नेपाल एक गाउँ नै गाउँले भरिएको र कृषि क्षेत्र नै राष्ट्रिय उत्पादनको मेरु दण्ड भएको मुलुक हो । तरपनि जग्गाको द्वैध स्वामित्व नेपाली कृषि व्यवसायमा पाइन्छ । अर्ध सामान्तवाद सामाजिक प्रणाली महशुस गर्न पाइन्छ । ६७ प्रतिशत भन्दा बढी मानिसहरू कृषि पेशामा नै लागेको तथ्याङ्क छ भने अधिकांश कृषकहरूले गुजारा निर्वाहमुखी कृषि प्रणालीबाट गरिरहेका छन् । उनीहरूले कृषिमा आधुनिकिरण गर्ने वातावरण पाउन सकेका छैनन् र स्वयंम गरीब तथा अशिक्षित छन् । सामाजिक कुरीति र परम्परावादी छन् । कृषि क्षेत्रको उत्पादन र उत्पादक□व एकदमै कम छ । नेपाली समाज विभिनन समस्यासँग जुध्नु परेको छ । जग्गाको भू स्वामित्व असमान छ । अधिकांश कृषकहरू जो अत्याधिक समय कृषि पेशामा समय दिन्छन् उनीहरूको आफ्नो जग्गा छैन । कुल कृषकहरू मध्ये ७५ प्रतिशतको १ हेक्टरसम्म आफ्नो जग्गा छैन (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

साना साना किसानहरू लगातार नियमित रूपमा कडा परिश्रम गरी रहन्छन् तर दिन प्रतिदिन झन गरीब बन्दै गएका छन् । तिनीहरू सँग प्रशस्त कृषि श्रमिक छन्, मेहेनत

र श्रम गर्ने चाहना छ, प्रशस्त समय छ तर तिनीहरूले आय आर्जन गर्ने वातावरण पाइरहेका छैनन् । तल्लो मानिसहरूको वित्तिय, प्राविधिक र संस्थागत पहुँच हुन सकेको छैन । आधारभूत संरचना र कृषि सेवा उपलब्धता, अपर्याप्त छ । ग्रामिण कृषकहरूले सामना गर्नुपरेको कषि बजारको अभाव, सिचाई सुविधाको कमी, भेटेनरी सेवा, शिशु गृह विमा आदि प्रमुख समस्या रहेका छन् (कृषि विकास बैंक, २०५६) ।

बचत तथा ऋण सहकारी मार्फत ग्रामिण कृषकको शैक्षिक आर्थिक विकासको लागि मह□वपूर्ण भूमिका खेल्न सक्छ । सहकारीमा सानो पूँजीबाट समेत एकिकृत हुन सकिन्छ जसले आफ्ना सदस्यहरूलाई शिक्षा तथा सूचना प्रदान गर्ने कार्य गर्दछ । सहकारिता र शिक्षाको कार्यक्रम सँगसँगै लैजान सहकारी सफल देखिन्छ । सहकारीले कार्यक्रम सञ्चालन गर्नुपर्छ जसले गर्दा सामाजिक, सांस्कृतिक तथा व्यवस्थापिकिय ज्ञान वृद्धि हुन्छ र भावी सन्ततीको शैक्षिक, संरक्षण गर्ने सोचमा विकास हुन्छ । सहकारीले एकातर्फ व्यवसाय गरेर आय आर्जन गर्न प्रोत्साहन गर्दछ भने अर्कोतर्फ आर्जित आर्यलाई समुचित उपयोग वास्तविक र व्यवहारिक संस्थाले आर्थिक विकासमा मह□वपूर्ण भूमिका रहेको छ । आर्थिक विकास नै यस प्रमुख उद्देश्य हो । सहकारीले आफ्नो सदस्यहरूको स-सानो पूजीलाई सकलित गरी आफ्ना सदस्यहरूलाई आर्थिक सिप, सूचना, लगानी, व्यवसायमुखी बनाउन लगानीमा प्रोत्साहन गर्छ । यसले दिन सेवा आय आर्जन गर्न व्यवसायिक लगानीमा प्रोत्साहन र सदस्यलाई आर्थिक बिर्भर बनाउनु हो । जसका लागि विभिन्न क्षेत्रमा लगानी गर्नुपर्छ (सहकारी विभाग, २०६६) ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा उनीहरूको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१) बहुउद्देश्य सहकारी संस्थाको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२) बहुउद्देश्य सहकारी संस्थाले सदस्यहरूको आर्थिक तथा उनीहरूका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

३) सहकारी संस्थाले प्रवाह गर्ने ऋणका क्षेत्रहरू र ऋण प्रवाह गर्ने प्रकृयाको पहिचान गर्ने ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू (Research Questions)

बहुउद्देश्य सहकारी संस्थाले स्थानीय उपभोक्तको आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान तथा बहुउद्देश्य सहकारी संस्थाले स्थानीय तथा बहुउद्देश्इ सहकारी संस्थाले स्थानीय उपभोक्तको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरू यसप्रकार रहेका छन् ?

१. सहकारी संस्थामा आवद्ध उपभोक्तको आर्थिक स्रोतहरू के के हुन् ?

२. सहकारी संस्थाले कुन कुन क्षेत्रमा ऋण प्रदान गर्दछ ?
 बहुउद्देश्य सहकारी संस्थाले उपभोक्तको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

३. के बहुउद्देश्य सहकारी संस्थाले उपभोक्तको शैक्षिक क्षेत्रमा प्रभाव पारेको छ ?

४. के सहकारीमा संलग्न उपभोक्ताहरूको बालबालिकाहरूको शैक्षिक स्तरमा सुधार आएको छ ?

५. के बहुउद्देश्य सहकारी संस्थाको ऋण प्रवाहमा समस्या छ ?

६. के बहुउद्देश्य सहकारीले उपभोक्ताले चाहेको समयमा ऋण दिने गरेको छ ?

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रमा व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेर स्थापना भएको विशुद्ध सामाजिक संस्था हो । समाजमा रहेका विभिन्न प्रकारका असमानता हटाई सबै सदस्यहरूलाई एकताको शुत्रमा आवद्ध गराई राष्ट्र निर्माणमा सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । यसको माध्यमबाट जनतामा परिवर्तन समय अनुरूपको सशक्तिकरण आउँछ । आजको राष्ट्रनिर्माणको लागि कुनै एक दुई वर्गको सहभागिताले केही नहुने भएकोले सबैले संवेदनशील भएर आफ्नो उपयोग आ-आफ्नो ठाउँबाट, घर समुदायबाट विकासको सूत्रपाट गराउने संस्था भनेको सहरकारी हो । यसले स्वावलम्बन र समानतालाई बबढावा दिदै प्रजातन्त्रलाई सुदृढ पार्दछ । म को सट्टा मूल आदर्श रहेको सहकारी संस्थामा वचत तथा ऋणको माध्यमबाट ग्रामीण क्षेत्रमा समेत वित्तीय परिचालन भई वैंकसम्म पहुँच नभएका समुदायहरूको पहुँच र क्षमता वृद्धि गर्नुका साथै लैङ्गिक हिंसा, सामाजिक विकृति

कम गर्न सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् । मानव सभ्यताको विकास हुनु अघि देखि नै सहकारीताको भावनाको विकास भएको पाइन्छ (सुवेदी, २०५७) ।

नेपालमा विकसित सहकारी अभियानको सहकारीहरूको व्यवसायिक सीप र क्षमताको वृद्धिगरी आर्थिक, सामाजिक क्षेत्रमा अवस्था नै सहयोग पुऱ्याउने छ । विकासोन्मुख देशको विकासको लागि सहकारीको महत्वलाई तलको उक्तिले पनि स्पष्ट पार्नेछ । "अपनाऔ पद्धति सहकारी, हटाऔ गरिबी र बेरोजगारी" (सहकारी स्मारीका राष्ट्रिय संघ लि. २०६२ चैत २०) त्यस्तैगरी "गाउँ गाउँमा सहकारी घरघरमा भकारी" जस्ता नाराले पनि सहकारीको महत्व अझ झलकाउन सकिन्छ । देशमा विभिन्न व्यवसायिक सीप र दक्षताको विकास गर्न सकेया । सम्पूर्ण सहकारीकर्मीहरूको आयमा वृद्धि हुने र सदस्यहरूमा स्वाबलम्वि हुने जसले गरिबी र बेरोजगारी समस्यालाई नियन्त्रण गर्न सकिने छ (सहकारी विभाग, २०६२) ।

झापा जिल्लाको वालुवाडी गा.वि.स. मा रहेको नेपाल बहुउद्देश्य सहकारी संस्थाले सहकारीमा आवद्ध सदस्यहरूमध्ये ऋण लिई लगानी गर्ने सदस्यहरूको विद्यमान आर्थिक अवस्था, सामाजिक सिति र व्यवसायिक लगानीबाट उनीहरूको जीवनस्तरमा सहकारी संस्थाले खेलेको भूमिकाबाट सुसूचित गराउने यस अध्ययनको औचित्य रहेको छ । यस अध्ययनबाट स्थानीय समुदायहरूको जीवन स्तरमा सुधार गर्न के कस्ता कार्यक्रम संचालन गरिरहेको छ ? र कसरी संचालन गरिरहेको छ ? जसबाट के उपलब्धी हाँसिल गरेको छ ? समस्याहरू के के रहेका छन् ? भन्ने कुराको अध्ययन गर्नाले सहकारी संस्थाहरूमा आकुमा भएको कमी कमजोरीहरूको सुधार गर्नु र परिमार्जन गर्दै अगाडि बढ्नु सहयोग हुने आशा गरिएको छ । साथै स्थानीय सहयोग हुने आशा गरिएको छ । साथै स्थानीय समुदायहरूको आर्थिक र शैक्षिक पक्षमा भएका सकारात्मक सुधारले सहकारीको पहुँच नपुगेको ठाउँमा सहकारी कार्यक्रम सञ्चालन गर्न, सहकारीमा आवद्ध भए नभएका समुदायहरूका लागि सहकारी ज्ञानको विस्तार गर्न । सहकारी सम्न्धी थप अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ ।

अल्पविकसित देश तथा विकसोन्मुख देशहरूको आर्थिक विकासका लागि सहकारी उपयुक्त माध्यम हो । यही कारणले गर्दा नेपालको अन्तरिम संविधानमा सहकारीको विकास गर्ने सोच राखेको छ । यही मर्म एवम् भावना अनुरूप आन्तरिम योजनाले पनि लोक

कल्याणकारी आर्थिक विकासको माध्यमबाट गरिबी निवारण गर्ने एक प्रमुख क्षेत्र सहकारीलाई भनी सोही अनुसार नीति निर्माण भएका छन् । ग्रामिण क्षेत्रमा जागरण ल्याउने, वित्तिय सेवा पुऱ्याउने, वचत गर्ने बानीको विकास गर्ने, रोजगारीको सिर्जना गर्न कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न, महिला शशक्तिकरण गर्न, विभिन्न समुदाय र जातजातिहरूलाई एउटै सूत्रमा आवद्ध गरी आर्थिक तथा सामाजिक सहभागिता वृद्धि गर्ने जस्ता मह वपूर्ण कार्यमा सहकारी क्षेत्रको उल्लेखनीय भूमिका रहन्छ ।

यसका साथै यस अध्ययनको महत्व निम्नानुसार हुनेछ ।

१) सहकारी संस्थामा संलग्न भएका सदस्यहरको लागि सहकारी सम्बन्धी ज्ञान विस्तार गर्न उपयोगी बन्ने छ ।

२) सहकारीमा संलग्न सदस्यहरको परिवारको आर्थिक तथा शैक्षिक पक्षमा आएको सकारात्मक सुधारले सहकारीको पहुँच नपुगेको ठाउँमा सहकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्नेछ ।

४) सहकारी सम्बन्धी थप अध्ययन अनुसन्धानकर्ता लागि सहयोगी बन्ने छ ।

५) सहकारीमा संलग्न सदस्यहरको समस्याहरू पत्ता लगाई समाधानका लागि सहयोगी बन्ने छ ।

६) यस विषयसँग सरोकार राख्ने व्यक्तिहरूका लागि अध्ययन सामग्री बन्नेछ ।

## १.६ अध्ययनको सिमा (Limitation of the Study)

यस अध्ययनका निम्न सीमाहरू रहेका छन् ।

१) यस अध्ययनलाई झापा जिल्लाको वालुवाडी गा.वि.स. का सिमित गरिएको छ ।

२) नेपाल बहुउद्देश्य सहकारीमा संलग्न बालुवाडी गा.वि.स.का सदस्यहरूको बारेमा मात्र अध्ययन गरिएको छ ।

३) यस अध्ययनमा बहुउद्देश्य सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको आर्थिक पक्षको मात्र अध्ययन गरिएको छ ।

४) यस अध्ययन सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको पारिवारिक शैक्षिक पक्षको मात्र अध्ययन गरिएको छ ।

५) यस अध्ययनमा सहकारीमा संलग्न रहेको सदस्यहरूमध्ये २३५ जना सदस्यहरूलाई नमूनाका रूपमा लिइएको छ । यसले सम्पूर्ण सदस्यहरूको प्रतिनिधित्व गर्नेछ ।

६)  यस अध्ययनमा सहकारी संस्थाले सदस्यहरूमा कसरी ऋण प्रवाह गर्दछ भन्ने कुराको मात्र अध्ययन गर्दछ ।

७)  यस अध्ययनलाई प्राथमिक र द्वितीय तथ्याङ्कमा अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । शोधपत्रको पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक पश्नहरू, अध्ययनको औचित्य अध्ययनको सीमा, अध्ययनको संगठन र मुख्य शब्दावलीहरूको परिभाषण राखिएको छ भने अध्याय दुईमा सैद्धान्तिक साहित्वको पुनरावलोकन, पुर्व अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, अध्ययनका लागि पुर्व साहित्यको साराशं, अनुसन्धन अन्तर, अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचा राखिएको छ । यसरी नै अध्याय तीनमा अध्ययनको विधि र प्रक्रिया अन्तर्गत अध्ययनको ढाँचा, तथ्याङ्का स्रोतहरू, जनसंख्या, नमूना आकार र नमुना छनौट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क संकलनका औजारहरू र तथ्याङ्क संकलनका तरिकाहरू राखिएको छ ।

यस शोधपत्रको चौथो अध्यायमा तथ्याङ्कको प्रस्तूतीकरण तथा विश्लेषण, अध्ययन क्षेत्रको परिचय अन्तर्गत झापा जिल्ला बालुवाडी गा.वि.स. को परिचय, रहकारीको परिचय, उद्देश्य र कार्यहरू, संगठनात्मक अवस्था र सहकारीको वर्तमान अवस्था, यसले पारेको आर्थिक र शैक्षिक प्रभावलाई देखाइएको छ । त्यसैगरि अध्याय पाँचमा शोधपत्रको सारांश निष्कर्ष र अनुसारको सुझावहरू सन्दर्भसूची र अनुसीचीलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## १.८ मुख्य शब्दावलीहरूको परिभाषा (Operation Definition of the Key Words)

आम्दानी : आर्थिक क्रियाकलापबाट प्राप्त हुने मौद्रिक मूल्य ।

कार्यक्षेत्र : सहकारी संघ संस्थाले कारोबार विस्तार गर्न पाउने भौगोलिक क्षेत्र ।

ऋण : व्याज सहित तिर्न पर्ने गरी लिएको सापटी ।

ऋणी : कर्जा प्राप्त गर्ने वा लिने व्यक्तिः वा आसामी ।

धितो : कर्जा प्राप्तिको लागि ऋणीले राख्ने सुरक्षण

वचत : खर्च गरी बाँकी वचेको रकम ।

उपभोग : दैनिक आवश्यकताको पूर्तिका लागि गरिने वस्तुको प्रयोग ।

व्यवसायी : संगठित रूपले आर्थिक क्रियाकलाप, इलम, उद्यम, सञ्चालन गर्ने व्यक्ति ।

व्यवसाय : संगठित रूपमा संचालित आर्थिक क्रियाकलाप, इलम, उद्यम।

समिति : संस्थाको नियम बमोजिम गठन भएको संचालनक समिति ।

सदस्य : संस्थाको नियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेका व्यक्ति

लगानी : निश्चित व्याज प्राप्त गर्ने गरी संस्थाले दिएको रकम ।

बहुउद्देश्य : धेरै उद्देश्यहरू भएको ।

सहकारी : एउटै उद्देश्य लिएर सबै मिलेर काम गर्ने

संस्था : धेरै व्यक्तिहरू मिली बनेको संगठन

स्थानीय : कुनै निश्चित परिसर भित्र बसोवास गर्दै आएका व्यक्तिहरू

आर्थिक : अर्थ उपार्जन क्षेत्रसँग सम्बन्धित क्रियाकलाप

शैक्षिक : शिक्षा क्षेत्र सँग सम्बन्धित क्रियाकलाप ।

# अध्याय : दुई (Chapter : Two)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)

यस अध्यायमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभन्नि पाठ्यपुस्तक, जर्नल अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको छ । यसका साथै सहकारी संस्थाको इतिहास, नेपालमा सहकारी संस्थाको स्थापना र विकास सम्बन्धी विभिन्न लेख रचना तथा अनुसन्धानकर्ताहरूको अनुसन्धानको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

कृषि विकास बैंक, २०५४ का अनुसार चौथो पञ्चवर्षिय योजना (२०२७/०२८-२०३१/०३२) मा सहकारी संस्थालाई सुदृढिकरण गरी निदिष्ट रूपमा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत केही संस्थाको व्यवस्थापन ऋण, दिने संस्था र कृषि विकास बैंकले गर्ने र केही संस्थाको व्यवस्था भयो । पाँचो पञ्चवर्षिय योजना (२०३२/०३३-२०३३/०३७) मा ग्रामिण विकासको लागि संस्थागत व्यवस्थापन ग्रामिण स्तरमा स-साना किसान तथा व्यवसायिक ग्रामिण स्तरमा नै ऋण सुविधा र कृषि सामग्रीको बेचविखन गरी उन्नत खेती प्रणालीको माध्यमबाट कृषकहरूको आय वृद्धि गर्न, गाउँमा बैंक सुविधा उपलब्ध गराउनु, साझा संस्था खोलियो । छैटौं योजना (२०३६/०३७-२०४१/२०४२) मा साना किसान भूमिहिनहरूको् लागि छुट्ट छुट्टै संस्था सञ्चालन गर्ने नीति अनुसार तराईका २० जिल्लामा २१ संस्थाहरू खोलिए । सहकारी संस्था ऐन २०१६ खारेजी र वि.सं. २०५१ सालमा साझा संस्था ऐन २०४१ को व्यवस्था भयो । जसले राष्ट्रिय स्तरको संघ हुनसक्ने व्यवस्था गरेको र सहकारी विभागको महानिर्देशनलाई अझ बढी अधिकार दिएको पाइन्छ । सातौं योजना २०४९/०५०-२०५३/०५४ मा सहकारी शिक्षा तालिम तथा भूमिगत, पूर्वाधार र सुदृढिकरण भौतिक पूर्वाधार विकासका लागि सहकारी स्तरबाट सञ्चालन हुने कार्यक्रम अगाडि बढाइयो ।

राष्ट्रिय सहकारी विकास गोष्ठीको प्रतिवेदन २०४७ का अनुसार सहकारीको इतिहासलाई सिहावलोकन गर्दा शुरुको सहकारी बैंक र त्यसपछिको भूमि सुधार बचत

संस्थालाई कृषि विकास बैंकमा गाभिएकोले एउटा कृषि विकास बैंकले उक्त रकमहरू फिर्ता गर्न पर्ने सरकारी नीति हुनुपर्दछ । यदि त्यो हुन सक्दैन भने दोस्रो उपाय महासंघ आत्मनिर्भर हुन र साझा संस्थाको पुन स्थापना गरिनु पर्दछ ।

बास्कोटा, २०५० अनुसार अठारौं शताब्दीको उत्तराधेतिर आएको औद्योगिक क्रान्तिको प्रभावबाट बेलायतको आर्थिक तथा सामाजिक क्षेत्रमा आएको परिवर्तनको उपलब्धि स्वरूप सहकारी आन्दोलनको सुरु भएको छ । औद्योगिक क्रान्तिबाट पीडित केही व्यक्तिहरको समस्या निराकरणको लागि गरेको खोजको परिणाम नै आजको विकसित रूप हो । औद्योगिक क्रान्ति भन्दा अगाडि बेलायतको कृषि तथा उद्योगको स्थिति हालको अविकसित देशहरू जसतै थियो भने शहररु पनि यस्तै स-साना अविकसित भवन तथा दल विकासको अभाव रहेको छ । उद्योगहरूमा सानातिना कालीगठहरूमा मात्र सिमित थियो र कलकारखाना र यान्त्रिक विकास भएको थिएन । १९ औं शताब्दीको सुरुमा बेलायतमा परिवर्तन देखिन थाल्यो । साना किसानका साना-साना जग्गा खेतवारी ठूला पुँजीपतिको हातमा पर्न गएको छ । सडक सुधार नहर निर्माण जस्ता कार्यहरू तिव्रताका साथ सम्पन्न हुन थाले । कृषि पनि वैज्ञानिक तवरले हुन थालयो औद्योगिक क्षेत्रमा नयाँ नयाँ आविष्यकार हुन गई ठूला ठूला कलाकारखानाको स्थापना हुन थालेको छ । उत्पादन ठूलो मात्रामा हुन थाल्यो र कम लागतमा गुणस्तरीय वस्तु उत्पादन हुन थाले पनि परिणामस्वरूप सानानाना घरेलु उद्योगहरू प्राय बन्द हुन पुगे । श्रमिक स्थापना औजारले लिन थालेको छ । बेरोजगारी श्रमिकहरू कारखाना मालिकको आर्थिक स्थिति दयनीय बन्दै गयो । अर्को तर्वा खाद्य सम्बन्धी कानूनी गडबढी देखि लिएर खाद्य मिलावट प्रथा सामाय जस्तै हुन थालेको छ । यस किसिमका समस्याबाट उम्कन तत्काल केही उपायहरू देखिएकोले विभिन्न अर्थशास्त्री, राजनीतिज्ञ, शिक्षाविद्हरू, चिन्तेकहरू तथा समाज सुधारकहरू यस बारे चिन्तिन हुन थाले अनेकौ सुधारकहरूले कमचारी, मजदुर र मालिकहरूबिच सम्बन्ध सुधार गर्न ठूलो प्रयत्न गरेको छ । बेलायतको औद्योगिक क्रान्ति जन्य प्रतिकुल परिस्थितिको सुधारमा लागेका सुधारक मध्ये Robert own प्रमुख मान्छिन् । आधुनिक सहकारिताको विकासमा लागेको Robert Owen नै सहकारितामा जन्मदाता मानिन्छन् ।

पौड्याल, २०६६ का अनुसार सहकारी भनेको त्यस्ता मानिसहरूको संगठन हो जुन स्वेच्छिक रूपमा एकजुट भै आफ्ना समान आर्थिक, सामाजिक आवश्यकता र आकाङ्क्षाको

परिपूर्ति प्रजातान्त्रिक प्रणालीमा आधारित पद्धति मार्फत गर्न चाहन्छन् । यसमा म को सट्टा घमी र हाम्रा लागि आर्थिक सामाजिक उद्यम गरौ भन्ने मूल आदर्श रहेको हुन्छ । सामूहिक प्रयासद्वारा मानव जीवन पद्धटिको हरेक क्षेत्र जस्तो कृषि, घरेलु तथा साना उद्योग र मझौला व्यवसायहरूको सञ्चालन तथा प्रवर्द्धन सामूहिक सेवाहरूको विकास एवम् परिचालन सहकारीको माध्यमबाट हुन सक्छ ।

ए.डि.बि./एन, १९९८ का अनुसार ऋण प्राप्त गर्नुपर्ने साना किसान विकास कार्यक्रमको प्रथम विन्दु जसबाट सहकारी संस्था कार्यक्रमले सुाना किसान परिवारका विभिन्न सामाजिक तथा सामुदायिक सेवाहरू जुटाउने मञ्चको रूपमा काय गरेको छ । यसका साथै कार्यक्रमहरूमा साक्षरता परिवार नियोजन शिशु स्याहार महिला विकासलाई समेतेको छ । यस परियोजनाले वृक्षारोपन, सिचाइ सामुदायिक भवन आदि मार्फत सामुदायिक सम्पत्तिको सृजना पनि भइरहेको छ । त्रिवर्षिय योजना (२०६४-०६७) मा सहकारीलाई आर्थिक विकासको प्रमुख एक खम्वाको रूपमा लिइएको छ । यसले कुल राष्ट्रिय उत्पादनमा १ प्रतिशत योगदान लिदएको छ । वित्तिय क्षेत्रमा ७ प्रतिशत योगदान दिन सफल भएको छ ।

दाहाल, २०६६ का अनुसार नेपालमा विकासका मोडलमध्ये सहकारी मोडल मार्फत अर्थतन्त्रको विकास गर्न एक शशक्त औजारको रूपमा सहकारीलाई अगाल्दै अघि बढेको देखिन्छ । नेपालमा सहकारीलाई अर्थतन्त्रको ३ खम्वामध्ये एक खम्वाको रूपमा लिइएको छ । यसले विश्वमा आर्थिक मन्दीको असर नपरेकाले सहकारिताको प्रभावकारितार्ला आंकलन गर्न सकिन्छ र सहकारी अर्थतन्त्र दिगो अर्थतन्त्र हो भन्न सकिन्छ । सहकारी आन्दोलनलाई अत्यन्त विर्चालत अवस्थामा समेत सहकारीहरूले सुमदायमा रकमको सुरक्षाको प्रत्यभूति साथै जनताको आस्था र विश्वासलाई समेटेर सहकारीलाई बचाएर राख्न सकेकाले वचत तथा सहकारिताको भूमिकालाई अहम मान्न सकिन्छ ।

अधिकारी, २०६७ का अनुसार काठमाडौं महानगरपालिकामा सञ्चालिन विभिन्न सहकारी संस्थाहरूले त्यहाँको जनताहरूको आर्थिक विकास प्रत्यक्षसकरात्मक प्रभाव पारेको पाइयो । सहकारी संस्थाहरूले मुख्य गरी नाङ्ला व्यापारी, किसान, व्यवसायी, तरकारी, खेती किसान, व्यापार र नोकरी सेवा वर्गका मानिसहरूलाई सहयोग पुऱ्याएको छ । पहिले पहिले बैंकमा पैसा वचत गर्न जाने समय पाउन नसक्ने वर्ग घरमा काम गर्ने वर्ग तथा

मह□वपूर्ण समयको बाबजुद बैंकमा उपस्थित नहुने वुद्धिजिवी वर्ग वर्ग, वृद्ध केटाकेटी आदि समेतलाई सहयोग र सहकार्यको पाठ सिकाइ सचेत बनाउन सफल भएको छ । यसरी समाजमा पछि परेका महिलाको स्थितिमा पनि व्यापक सुधार ल्याएको पाइन्छ । महिलामा बचत गर्ने वानीले गर्दाशिक्षा स्वास्थ्य क्षेत्रमा पहुँचछ पुऱ्याउन सहकारीले मद्दत गरेको पाइन्छ ।

राष्ट्रिय योजना, २०६८ का अनुसार बाह्रौ त्रिवर्षिय योजना (२०५७-२०७०) मा सहकारीको माध्यमबाट आम जनताको श्रम, सीप, पूँजी तथा स्रोतलाई सामूहिक हितका लागि संगठित रूपमा परिचालित गरी आर्थिक सम्वृद्धि सामाजिक रूपान्तरण र समन्वयात्मक विकासमा आधारशिला तयार गर्ने उद्देश्य लिएको छ । साथै देशको समग्र आर्थिक विकासमा योगदान गर्न पर्याप्त रोजगारी सृजना गर्नका लागि निजी क्षेत्र तथा समुदाय सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारीहरूका बीचमा जोखिम प्रतिफलको उचित हिस्सा वितरण हुन व्यवस्था मिलाउने कार्यलाई जोड दिएको छ । समुदायमा छरिएर रहेका स्रोत साधनलाई एकिकृतगरी राष्ट्रिय पूँजीमा वृद्धि गर्न तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्दै समतामूलक समाजको निर्माणमा सहकारीले सहयोग पुऱ्याउँछ । स्वरोजगार सिर्जना गर्दै मुलुकमा शान्ति कायम राख्न एवम् विकास निर्माणमा सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरू मार्फत मुखारित हुँदै गएको छ । हालसम्म १८ हजारभन्दा बढी प्रारम्भिक सहकारी संस्था मार्फत प्रत्यक्ष रूपमा ३० लाख भन्दा बढी व्यक्तिहरू सहकारितामा आवद्ध भएको ५० हजार व्यक्तिहरूले प्रत्यक्ष रोजगारी प्राप्त गरेका विश्वास गरिएको छ । मुलुकमा उत्पादन वित्तिय तथा सहकारी माध्यमबाट ग्रामिण क्षेत्रमा समेत वित्तिय परिचलन भई बैंकसम्म पहुँच नभएका संस्थादक खासगरी महिला सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् ।

## २.२ पूर्व अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Empirical Literature/Previous Studies)

तिमिलसीना, २००३ का अनुसार तनहुं जिल्लाको घाँसीकुवा गा.वि.स. मा सञ्चालिन साना किसान विकास कार्यक्रमले त्यहाँका समान आर्थिक, सामाजिक, शैक्षिक स्थिति भएका संघको गठन, निर्माण र निर्णय गर्नमा आत्मबल बढाउन सकारात्मक योगदान पुऱ्याएको थियो । त्यसैगरी शुद्ध खानेपानी सम्बन्धी टोल सरसफाई गोबर ग्याँस,

स्वास्थ्य शिक्षा सम्बन्धी आधारभूत तालिमहरूको स्थानिय किसानहरू आर्थिक रूपमा सक्षम हुनुका साथै समूहको माध्यमबाट समुदाय विकासको लागि सामाजिक कार्यक्रम गर्न सक्षम भएका थिए ।

चौधरी, (२००८) का अनुसार सिरह जिल्लाको पोखर मिन्दा गा.वि.स. मा स्थापित हिमालय वचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्ययन अनुसार वचतलाई प्रोत्साहतन गर्ने, बढी उत्पादनमुखी क्षेत्रमा ऋण प्रदान गर्ने साथै जीवन विना गर्ने जस्ता उद्देश्य लिएर खोलिएको सहकारी संस्थाले सो स्थानमा प्रर्याप्त सफलता पाएको पाइयो । त्यहाँ सहकारी स्थापनाले गर्दा स्थानिय जनतामा जनचेतनाको विकास गर्नुका साथै विभिन्न किसिमका सामाजिक क्रियाकलापमा सहभागी हुन उद्यमी सम्बन्धी तालिम दिन, महिला अधिकार बाल अधिकार, सम्बन्धी चेतना कैलाउन सहयोग गरेको थियो । सहकारी संस्थाले महिला साक्षरता बढाउन सहयोग गर्नुका साथै जीवन निर्वाह गर्नका लागि विभिन्न किसिमका उपयोगी सीपहरूको विकसा गरेको पाइयो । यसरी हेर्दा सहकारीले पोखर विन्दा गा.वि.स. को स्थानिय जनताको सम्पूर्ण क्षेत्रको विकासमा सहयोग पुऱ्याएको थियो ।

अधिकारी, (२०६७) ले सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार, सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको औषत आम्दानीका कुल खर्चको २० प्रतिशत खर्च सहकारीको आम्दानीले पूरा गरेको, चर्को व्याजदरमा साहुमहाजनबाट लिइने ऋण भन्दा सहकारीबाट लिइने ऋणको मात्रा वृद्धि हुँदै गएको, सहकारीमा आवद्ध हुनुभन्दा अगाडि ५३.८२ प्रतिशत व्यक्तिहरूले आफ्नो बालबलिकाहरूलाई सरकारी विद्यालयमा पठाउने गरेका थिए । समग्रमा यस क्षेत्रमा सञ्चालित सहकारी सदस्यहरूका लागि बढी प्रभावकारी र आयमुलक भएको तथ्य यस अध्ययनबाट प्रमाणित भएको छ ।

ओझा, (२०६४) ले विरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाका सदस्यको सामीजक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा गरिउको अध्ययनमा साना किसान तथा व्यवसायीहरू एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । मुख्य उपलब्धी यो छ, कि गरिब र भूमिहिन मानिसहरूले आफूलाई एक्लो र कमजोर महशुस गरेका छैनन् । समाजमा देखा परेका विभेदलाई सहकारी संस्थाहरूले धेरै हदसम्म न्यूनिकरण गर्दै लगेका छन् । जस्तैः लैंगिक असमानता, जातिगत

भेदभाव, सामन्ती मनोवृत्तिमा परिवर्तन देखा परेको छ । सहकारी संस्थाका माध्यमबाट महिलाहरूले सामाजिक, आर्थिक क्रियाकलापमा सहभागिता बढाउने अवसर पाएका छन् । विभन्नि किसिमका सीपमूलक र आयमूलक तालिमले सदस्यहरूलाई दक्ष बनाई आत्मनिर्भर बनाएको छ । साधारण जनताहरूमा नियमित बचत गर्ने बबानीको विकास भएको छ । पारिवारिक बचत र लगानीदरमा वृद्धि हुँदै गएको छ । पुँजी अभावमा खेर गएको जनशक्ति रोजगारीका लागि उत्प्रेरित भएको छ ।

तिमल्सिना, (२०७०) का अनुसार सहकारी ऐन, २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूि तगर्न पाए पनि त्यसको कार्यान्वयन भने पुरानै परम्परामा रहेको छ । मुल रूपमा नेपाली प्रकाशक संयन्त्रको कार्यशैली तथा अस्थिर राजनीतिको सिकाइका कारण सहकारीमा दुरगामी सिर्जनात्मक काम हुन सकेनन् । ऐनले परिकल्पना गरेका सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ तथा अन्य विषयगत सहकारिता संघ लगायत सहकारी आन्दोलनका निकायहरू मूलतः राजनीतिक अस्थिरताको प्रभावमा नै परिरहे ।

कोइराला (२०६६) का अनुसार सहकारी संस्थाः राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासका अपरिहार्यमा शिर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय, र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेको विशुद्ध सामाजिक संस्था हो । समाजमा विद्यमान विद्यमान प्रकारका असमानताहरूलाई हटाई सबै सदस्यहरूलाई एकताको सूचना आवद्ध गराई राष्ट्र निर्माणमा सैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । सहकारी क्षेत्रबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाई मूर्तरूप दिन यसमा विद्यमान समस्या र चुनौतीलाई कम गरी अझ बढाउन निजी, सार्वजनिक र सहकारी प्रमुख अंगको रूपमा दुई खुट्टा मध्ये उक भनी स्वकारि गरिएको सोह्रै आना समय सान्दर्भिक हो ।

पौडेल, (२०६०) का अनुसार नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका : आनन्दवन सहकारी संस्था एक अध्ययन शिर्षकमा त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामीजक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको शोधपत्रमा साना किसान संस्थागत विकास कार्यक्रमको समग्र स्थिति बारे अध्ययन गर्दै हाँसिल उपलब्धीहरूको विवेचना गर्नु, साना किसान सहकारी संस्था लिमिटेड सञ्चालनमा

व्यवस्थापन क्षमताबारे अध्ययन गर्दै साना किसानहरूमा निर्माण क्षमता र नेतृत्वबारे अध्ययययनको सार्थक कार्यक्रममा देखिएका समस्याहरूको पहिचान गरी सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखिएको थियो । यस अध्ययनमा साना किसान परिवारको आम्दानी वृद्धि गर्न साना किसान विकास कार्यक्रम भन्दा साना किसान संस्थागत विकास कार्यक्रम अझ बढी सफल रहेको, साना किसान सहकारी संस्थामा स्थानीय स्तरका कार्यकर्ताहरूद्वारा नै कार्यक्रम संचालन भएकाले साना किसानत विकास आयोजनाका कर्मचारीहरूलाई भन्दा स्थानीय कार्यकर्ता प्रति बढी विश्वास गरेको देखियो भन्ने निष्कर्ष निकालिएको छ ।

अर्याल, (२०६२) का अनुसार साना किसान विकास सहकारी संस्थाले स्थानीय कृषकहरूको आर्थिक अवस्थामा पारेको प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार धादिङ जिल्लाको भूमिस्थान गा.वि.स.मा संचालित साना किसान सहकारी संस्था लि. ले छोटो समयमा नै सदस्य संख्या वृद्धि, वचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनुका साथै धेरै मात्रामा महिलाहरूलाई समेट्न सफल भएको थियो । सहभागी किसानहरूमा सरसफाईमा वृद्धि, सानो सुखी परिवार बनाउने प्रवृत्तिमा र आधुनिक उपचार गर्ने प्रवृत्ति मा तुलनात्मक रूपले विकास हुनुका साथै साक्षरतामा पनि वृद्धि भएको थियो । सहभागी किसानहरूलाई सस्तो ब्याजदरमा संस्थागत साख सुविधा उपलब्ध गराएकोले उत्पादनमुलक कार्यमा सक्रिय भई बढी आम्दानी गर्न सक्षम भएका र सिपमूलक तालिमले रोजगारीमा वृद्धि भएको र किसानहरू दुरूपयोग गरोक्ने कार्यमा सक्रिय हुँदै आएको पाइयो । यस कार्यक्रममा समूह निर्माण समय समयमा बैठक बस्नुपर्ने, बचत गर्नुपर्ने बबाध्यता, सामूहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरू रहेको पाइएता पनि समग्रमा यस कार्यक्रमले स्थानीय साना किसानहरूमा सकरात्मक प्रभाव परेको थियो ।

के.सी. (२०६८) का अनुसार महिला सशक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाको भूमिका बिनदुर नगरपालिका नुवाकोट एक अध्ययन शीर्षकमा अध्ययन गरिउक अनुसार समान उद्देश्य भएका व्यक्तिहरूद्वारा पारस्परिक सहयोगका आधारमा आफ्नो आर्थिक तथा सामाजिक उत्थानको लागि प्रजातान्त्रिक ढङ्गले गर्ने कार्यलाई सहकारिता भनिन्छ । सहकारी सदस्य केन्द्रीय व्यावसायिक सेवा लिने दिने पारस्परिक सहयोगमा सदस्यहरूको सामाजिक आर्थिक र शैक्षिक विकासमा जोड दिने संस्था हो । यहाँ हामीले अध्ययन गरेका बचत तथा ऋण सहकारी संस्थाहरू जसले सदस्यहरूको आर्थिक, सामाजिक तथा शैक्षिक

विकासको लागि संस्था मार्फत् आफ्ना सदस्यहरूलाई व्यवासायिक सेवाप्रदान गर्दछ। यहाँ विभिन्न स्रोतहरूको ध्ययनबाट यस अनुसन्धान प्रस्तावना पत्र अनुसार यस क्षेत्रका सहकारी संस्थाले विदुर नगरपालिकाको सम्पूर्ण क्षेत्रलाई ओगटेको देखिन्छ । यसले आफ्ना सदस्यहरूको सामाजिक, आर्थिक र शैक्षिक उत्थानको लागि विभिन्न आयमुलक, रोजगारमूल्क, सीप प्रविधि र सूचना आदि प्रदान गर्दै आएको देखिन्छ ।

बम, (२०७२) का अनुसार महलपुर गा.वि.स. कैलाली जिल्लाका रहेको बचत तथा ऋण सहकारी संस्थाले त्यहाँका स्थानिय बासिन्दाहरू सहकारीमा संलग्न भएपछि ६३.७७ प्रतिशतले सहकारीबाट ऋण लिएको पाइयो भने सहकारीमा सलग्न भएपछि ५९.५६ प्रतिशत बालबालिका निजी स्कुलमा पढाएको पाइउको छ । यसबाट के स्पष्ट हुन्छ भने सहकारीमा संलग्न भएपछि व्यवसायी सदस्यका २ गुणभन्दा ढबी बालबाबलिकाहरू निजी विद्यालयमा पढाएकी पाइएको छ ।

अधिकारी, (२०६८) का अनुसार, पहिले बैङ्कमा पैसा बचत गर्न जान समय पाउन नसक्ने वर्ग, धितो नभएका वर्ग, घरमा काम गर्ने तथा महत्वपूर्ण समयका वावजुट बैङ्कमा उपस्थित नहुने वुद्धिजीवी वर्ग वृद्ध केटाकेटी आदि समेटलाई सहयोग र सहकार्यको पाठ सिकाई सचेत बनाउन सफल भएको छ । यसरी समाजमा पछाडि परेको महिलाको स्थितिमा पनि व्यापक सुधार ल्याएको छ । महिलामा वचत गर्ने वानीले गर्दा घरका केटाकेटीहरूलाई राम्रो राम्रो बोर्डिङ स्कुल, विद्यालय र विश्वविद्यालयमा पहुँच पुऱ्याउन सहकारीले मद्दत गरेको छ ।

## २.३ पूर्व अध्ययनको समिक्षाको प्रस्तुत अध्ययनमा प्रभाव (Implications of the Review for the Study)

कृषि विकास बैंक, (२०५४) का अनुसार चौथो पञ्चवर्षिय योजना (२०२७/०२८-२०३१/०३२) मा सहकारी संस्थालाई सुदृढिकरण गरी निदिष्ट रूपमा सञ्चालन गर्ने कार्यक्रम अलगत संस्थाको व्यवस्थापन ऋण दिने संस्था र कृषि विकास बैकले गर्ने र केहि संस्थाको व्यवस्था भयो । राष्ट्रिय सहकारी विकास गोष्ठीको प्रतिवेदन (२०४७) ले सहकारीको इतिहासलाई हिा अवलोकन गर्दा सुरुको सहकारी बैंक र त्यसपछिको भूमि सुधार संस्थालाई कृति विकास वैंकमा गाभिएकाले एउटा कृषि विकास बैंकले उक्त रकमहरू फिर्ता

गर्नुपर्ने सरकारी नीति हुनुपर्दछ । यदि त्यसो नभए दोस्रो उपाय महासंघ आत्म निर्भर हुन र साझा संस्थाको पुन स्थापना गर्नुपर्दछ ।

तिमिल्सीना, (२०७०) का अनुसार २०५८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभू तगर्न पाए पनि त्यसको कार्यान्वियन भने पुरानै परम्पराको छ । ऐनले परिकल्पना गरेका सहकारी विकास कोर्ड राष्ट्रिय सहकारी संघ तथा अन्य विषयगत सहकारिता संघ लगायत विभिन्न निकाय मूलतः राजनीतिति अस्थिरताको प्रभावमा परिरहे । कोइराला (२०६६) का अनुसार सहकारी संस्था राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासमा अपरिहार्यता शिर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यत्तिःलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति प्रगतिका अगाडि ढाउने लक्ष्य बोकेको विशुद्ध सामाजिक संस्था हो भनी उल्लेख गरिउको छ ।

ओझा, (२०६४) ले विरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा गरिएको अध्ययनमा साना किसान तथा व्यवसायीहरू एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । अधिकारी, (२०६७) ले सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार, सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको औसत आम्दानीमा कुल खर्च २० प्रतिशत खर्च सहकारीको आम्दानीले पुरा गरेको, चर्को व्याजदरमा साहुमहाजनबाट लिने ऋण भन्दा सहकारीबाट लिइने ऋणको मात्रा वृद्धि हुँदै गएको छ ।

पौडेल, (२०६० का अनुसार नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका : आनन्दवन सहकारी संस्था एक अध्ययन शिर्षकमा त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र स.काय अन्तर्गत सामाजशास्त्र विषयको शोधपत्रमा साना किसान संस्थागत विकास, कार्यक्रमको समग्र अध्ययन गरेका छन् । अर्थमन्त्रालय, (२०३८) का अनुसार शताब्दी यौ देखि विकासको राष्ट्रिय मूलधारबाट पछाडि पारिउका महिला, दलिद, जनजाति, आदिवासी पिछडावर्ग, भूमिहिन किसान, विपन्न, मुसलमान, मधेसी जस्ता वर्ग समुह, समुदाय र दुर्गम क्षेत्रलाई सहकारीको माध्यमबाट उत्पादन शक्तिमा रूपान्तरण गरिने छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र यस अध्यायको विचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । उदयपुर जिल्ला, बेलटार गा.वि.स. मा रहेको सहकारी संस्थाले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण शिर्षकमा गरेको अध्ययनमा निम्न निष्कर्ष निकालिएका छन् । यस सहकारीले ऋण लगानीमा १४ प्रतिशत निकालिएका छन् । यस सहकारीले ऋण लगानीमा १४ प्रतिशत व्याज भवन निर्माण तर्क १६ प्रतिशत, व्यापार क्षेत्रतर्फ १७.५ प्रतिशत, व्याजदर निर्धारण गरेको छ भने वचतमा १२ प्रतिशत व्याज दिने गरेको पाइयो । सहकारीमा संलग्न भएका सदस्यहरूमा ४० प्रतिशत बालबालिकाहरू सरकारीमा ४७.५ प्रतिशत निजी विद्यालयमा पठाएको पाइयो भने १२ प्रतिशत निजी र सरकारी दुवैमा पढाउने गरेको पाइयो । त्यसैगरी सहकारीमा संलग्न हुनु अघि ६२.५ प्रतिशत सकारीमा २७ प्रतिशत निजीमा र १०.५ प्रतिशत निजी र सरकारी दुवै विद्यालयमा पढ्ने गरेको पाइयो (राई, २०७०) ।


वीरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाले सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा प्रस्तुत गरिएको शोधपत्रमा सहकारीमा संलग्न सदस्यहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्ने साधारण उद्देश्य तथा विशिष्ट उद्देश्यमा सहकारी संस्थामा लैङ्गिक संलग्नताको अध्ययन गर्नु, सहकारी सदस्यको वर्तमान सामाजिक अवस्थाको अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । वर्णनात्मक विधिको प्रयोग मार्फत् तथ्याङ्क संकलनका निम्ति प्राथमिक स्रोत तथा द्वितीय तथ्यांकको स्रोत प्रयोग गरिएको छ । यस अध्ययनको निचोड सामाजिक विभेद संस्थागत प्रजातान्त्रिकरण परिपषटीले गर्दा समाजबाट हराउँदै गएको छ । सहकारी संस्था जुनसुकै पेशाका मानिसका लागि पनि उतिकै आवश्यकता विषय हो । तथा यो संस्था निम्न आम स्तरदेखि उच्च आयस्तरका स्थानीय मानिसहरूका लागि उतिकै अपरिहार्य छ । सहकारीकरण नेपालको सामाजिक आर्थिक विकास गर्ने एक वृहत कार्यक्रम हो । त्यो कार्यक्रमलाई देशका हरेक पिछडिएको गाउँ वस्तीमा विस्तार गर्नुपर्ने देखिन्छ । सहकारिताको माध्यमबाट आजको २१ औ शताब्दीमा रहेको गरिबी विवरणको समस्या समाधानमा नेपाली पृष्ठभूमिमा सहयोग पुऱ्याउन अचुक औजार साष्टि हुनेछ (सुवेदी २०६०) ।

माथि उल्लेखित अध्ययनहरूमा वचत तथा ऋण सहकारी संस्था सम्बन्धी विभिन्न महत्वपूर्ण निचोडहरू निकालिएका पाइएता पनि यस सोधको अध्ययनले भिन्दै किसिमको विशेषता र महत्व बोकेको छ । यस सोधको अध्ययनमा नेपाल बहुउद्देश्य सहकारी संस्थाको वर्तमान अवस्था, ऋण प्रवाहका क्षेत्र, सदस्यहरूले सहकारीबाट प्राप्त ऋणलाई कुन कुन क्षेत्रमा लगानी गरेका छन् । सहकारीबाट ऋण लिई लगानी गर्ने सदस्यहरूको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उद्देश्य रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptnal Framework)


सहकारी संस्थामा संलग्न भई ऋण लिई व्यवसाय गर्ने व्यवसायी सदस्यहरूको आर्थिक स्थिति तथा उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ ।

### २.५.१ सैद्धान्तिक ढाँचा (Theoretical Framework)




स्रोतः शोधपत्र हर्क बहादुर (२०७२)

## २.५.२ अवधारणात्मक ढाँचा (Functional Framework)



## अध्याय : तीन (Chapter Three)

## ३. अध्ययनको विधि र प्रक्रिया (Method and Procedures of the Study)

यस खण्डमा अनुसन्धानको क्रममा प्रयोग गरिने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत जनसंख्या र नमुना छनोट, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलनका विधिहरू निम्न अनुसार विभिन्न शिर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । झापा जिल्लाको बालुवाडी गा.वि.स. मा अवस्थित नेपाल बहुउद्देश्य सहकारी संस्थाले आवद्ध स्थानीय उपभोक्तको आर्थिक स्थिति तथा उनीहरूको बलबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन सहकारीका संयोजक, कर्मचारी र संलग्न सदस्यहरूलाई नमुना छनोट गरी अन्तर्वार्ता, प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरिएको छ। द्धितिय तथ्यांकको संकलन पनि विभिन्न स्रोतबाट संकलन गरी तिनीहरूको विश्लेषण तालिका, स्तम्भचित्र र वृत्तचित्र द्वारा प्रस्तुत गरिने भएकाले यस अध्ययनको ढाँचा गुणात्मक र परिणामात्मक खालको रहेको छ ।

### ३.२ तथ्याङ्कका संकलनका स्रोतहरू (Sources of Data)

अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्याङ्क प्रयोग गरिएको छ । उक्त तथ्याङ्कका स्रोतलाई यस प्रकार उल्लेख गरिएका छ ।

#### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

प्राथमिक तथ्याङ्कका स्रोतको रूपमा यस अध्ययन क्षेत्रका उतरदाता सदस्यहरू रहेका छन् । यो अध्ययनमा झापा जिल्ला बालुवाडी गा.वि.स.मा अवस्थित नेपाल बहुउद्देश्य सहकारी संस्थामा संयोजक, कर्मचारी र संलग्न सदस्यहरू नै प्रथामिक तथ्याङ्कका स्रोतहरू हुन् ।

### ३.२.२ द्वितीय तथ्याङ्कको स्रोत (Sources of Secondary Data)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय तथ्याङ्कमा स्रोतहरूका रूपमा कृषि विकास बैंक, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सहकारी विकास वोर्ड, सानो किसान विकास परियोजना बालुवाडी गा.वि.स. कार्यालय र नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्र कार्यालय, सहकारी विधानबाट प्रकाशित तथा अप्रकाशित सामग्री तथा सूचनाहरू लिइएको छ ।

## ३.३ जनसङ्ख्या, नमूना आकार र नमुना छनौट रणनिती (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र छनौट गरिएको नमूनाको आकार तथा छनौट प्रकृया यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

प्रस्तुत अध्ययन झापा जिल्लाको बालुवाडी गा.वि.स. मा रहेको १४१२ घरधुरी मध्ये महिला ३१९८ र पुरुष ३४५७ गरी जम्मा ६६,५५ जनसंख्या मध्ये सहकारीमा आवद्ध ५९४ जना ११ जना सदस्यहरू, समितिका पदाधिकारी तथा सदस्यहरू गरी जम्मा ११ जना उक्त सहकारीमा कार्यरत कर्मचारीहरू १२ गरि यस अध्ययनको जनसंख्या ६१७ रहेको छ ।

### ३.३.२ नमूना आकार (Sampling Size)

यस सहकारीले अन्य गा.वि.स. मा पनि आफ्नो कार्यक्षेत्र बढाएको छ, बबनियानीबाट सदस्य ५०० जना पथरीयबाट २५० जना पाठभारी १०५ केचना ८० जना र घेरावाडी बाट ४७ गरी जम्मा १५६७ सदस्य रहेका छन् । जसमध्ये बालुवाडी गा.वि.स. बाट २३५ जना सदस्यहरूलाई उद्देश्यमुलक नमुना छनोट विधिबाट छनोट गरिएको छ । जुन कुल सदस्यको ३८.४१ प्रशित हुन आउँछ ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा झापा जिल्लाको ४७ गा.वि.स. मध्ये बालुवाडी गा.वि.स. लाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस क्षेत्रमा सहकारी सम्बन्धी कुनै पनि अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रमा नमुनाको रूपमा अध्ययनका लागि छनोट गरिएको छ ।

२. यस अध्ययनमा बालुवाडी गा.वि.स. का ९ वटा वाडालाई छनोट गरिएको छ ।

३. यस अध्ययनमा बालुवाडी गा.वि.स. को जम्मा १४१२ घरधुरी (परिवार संख्या) मध्ये २३५ घरपरिवारलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट लिएको छ । त्यसैगरि सहकारीका संयोजक र एक कर्मचारीलाई स्नोबल नमुना छनोट (Snowball Sampling) विधिबाट लिइएको छ ।

४. यस अध्ययनमा बालुवाडी गा.वि.स. मा अवस्थित नेपाल बहुउद्देश्य सहकारीलाई लिइएको छ । किनकी यो गा.वि.स. मा सहकारी सम्बन्धी कुनै अध्ययन नभएकोले यो सहकारीलाई नमुना छनोट गरिएको छ ।

**तालिका ३.१**

| वडा नं. | घरधुरी | जनसंख्या | | जम्मा | सहकारीमा संलग्न सदस्य | नमुना छनोट घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | |
| १ | १५२ | ३६१ | ३७६ | ७३६ | ४५ | २६ |
| २ | २५१ | ५०१ | ५६७ | १०६८ | ८५ | २७ |
| ३ | २३१ | ५२१ | ५१३ | १०३४ | ५२ | २६ |
| ४ | १०० | २३९ | २७३ | ५१२ | ५५ | २६ |
| ५ | ९६ | २३७ | २२४ | ४६१ | ५५ | २६ |
| ६ | १८० | ४०६ | ५१२ | ९१८ | ७२ | २६ |
| ७ | १७९ | ४५७ | ४२८ | ८८५ | ७८ | २६ |
| ८ | १५३ | ३२८ | ३५३ | ६८१ | ७२ | २६ |
| ९ | ७० | १४८ | २११ | ३५९ | ५० | २६ |
| जम्मा | १४१२ | ३१९८ | ३४५७ | ६६५५ | ५९४ | २३५ |

स्रोत : घरधुरी सर्वेक्षण २०६६, बालुवाडी गा.वि.स. । २६

## ३.४ अध्ययन क्षेत्र (Study Area)

नेपालको पुर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने मेचि अञ्चल भित्रको झापा जिल्लाको दक्षिणी भु -भागमा अवस्थित वालुवाडी गा.वि.स. मा अवस्थित नेपाल बहुउद्देश्य सहकारी संस्थाका बारेमा अध्ययन गरिएको छ ।

## ३.५. तथ्यांक संकलनका औजारहरू (Tools of Data Collection)

अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्न साधनको प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि संरचित प्रश्नावलीको प्रयोग गरिएको छ । संरचित प्रश्नावलीको प्रयोग सहकारी संस्थामा संलग्न भएपछि सदस्हरूको शैक्षिक अवस्था, आर्थिक अवस्था, आम्दानी खर्च, पेशा व्यवसाय आदिका बारेमा सुचना संकलनको गरिएको छ । सानै उनीहरूका बालबाबलिकाहरूको शैक्षिक अवस्थाका बारेमा तिनै व्यवसायी सदस्यहरूसँग प्रश्नावलीको माध्यमबाट तथ्यांक सकंलन गरिएको छ । जसलाई अनुसूची २ मा देखाइएको छ । यसका साथै सहकारी संस्श्रथाका संयोजकका लागि तयार गरिएको प्रश्नावली अनुसूची १ मा राखिएकी छ ।

### ३.५.२ अवलोकन फारम (Observation Form)

यस अध्इयनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् सहकारी संस्थामा संलग्न भएका अध्ययनमा समावेश भएका सदस्यहरूको घरघरमा प्रत्यक्ष भएर उनीहरूले गर्न पेशा, खर्च, आम्दानीका स्रोतहरू तथा अन्य आर्थिक क्रियाकलाप साथै बालबालिकाहरूको शैक्षिक अवस्थाबारे प्रत्यक्ष अवलोकन फारम तयार गरिउको छ । जसको अनुसूची नमुना अनुसुची ४ मा देखाएको छ ।

### ३.५.६ छलफल निर्देशिका (Discussion Guide)

यस नेपालमा बहुउद्देश्य सहकारी संस्थामा संलग्न सदस्यहरूको आम्दानीका स्रोतहरू, लगानीका क्षेत्रहरू, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानका साथै यसका कमजोरी र यसलाई अझ प्रभावकारी बनाउन गर्नुपर्ने उपायहरूको संकलनको लागि कार्यसमितको पदाधिकारी एवं नमुना छनौटमा परेका उपभोक्ताहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गरिउको छ। जसको अनुसूची १ मा राखिएको छ।

## ३.६ तथ्याङक संकलनका तरिकाहरू (Technqiues of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न निम्न विधिहरूको प्रयोग गरिएको छ।

### ३.६.१ अन्तर्वार्ता

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि प्रविधिको रूपमा अर्न्तवार्ता अन्तर्गत प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता **(Direct Personal Interview)** विधिलाई प्रयोग गरिएको छ । यसमा अन्तवार्ता स्वयम उतरदाताबी आमने समाने बसरे प्रश्नहरू सोधी उत्तर संकलन गरिएको छ । जसअर्न्तगत सहकारीको वर्तमान अवस्था, लगानीका क्षेत्रहरू तथा शेयर सदस्यहरूको आर्थिक र शैक्षिक अवस्थाबारे जानकारी प्राप्त गरिएको छ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि अध्ययनकर्ता आकै अध्ययन क्षेत्रको गएर अवलोकन गरिएको छ। सहकारीमा समलग्न सदस्यहरूको घरमा गई उनीहरूले गर्ने पेशा, व्यवसाय, तथा बालिबाबलिकाहरूको शैक्षिक अवस्था कस्तो छ ? आदि बारेमा प्रत्यक्ष अवलोकन गरिउको छ।

### ३.६.३ लक्षित समुह छलफल (Foucused Group Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने शिलशिलामा अनुसन्धानकर्ता स्वयंम उपस्थित भई आफ्नो अध्ययन क्षेत्र, सहकारी संस्था संयोजक र कर्मचारी गरी दुई जना र सदस्यहरूबाट

पाँच ओटा समूहमा बाडिएको छ । यसरी यि दुई पक्षको उपस्थिति सदस्यले प्रश्नहरू सोधिएको थियो जुन अनुसुची ४ मा देखाइएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण तरिका (Data Analysis Interprttion Procedures)

यस अध्ययनका क्रममा विभिन्न विधि तथा तथ्याङ्क संकलनका साधनहरू प्रश्नावली, अन्तर्वार्ता, छलफलबाट आवश्यक तथ्याङ्क सूचना तथा जानकारीहरू संकलन गरिएको छ । उक्त संकलन गरिएका तथ्याङ्कलाई व्यवस्थित तरिकाले शीर्षक अनुसार तालिका, रेखाचित्रहरू प्रस्तुत गरिनुका साथै आवश्यकता अनुसार तथ्याङ्कलाई स्तम्भ चित्र, पाइ चार्टमा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा अध्ययनको निष्कर्ष निकालिएको छ ।

## अध्ययन चार (Chapter Four)

## ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (Analysis of Data and Interpretation of the Result)

### ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

#### ४.१.१ झापा जिल्ला एक चिनारी (Introduction of Jhapqa District)

झापा जिल्ला नेपाल अधिराज्यको पूर्वाचल विकास क्षेत्र अन्तर्गत सुदुर पूर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रफल र जनसङ्ख्याको हिसावमा क्रमशः सरचालिसौ र चौथो स्थानमा पर्ने यो जिल्ला उत्तरुमा २६ ५०" देखि २६ ५०" आक्षाशं सम्म र पूर्वमा ८६३९ देखि ८८१२ देशान्तर सम्म फैलिएको छ । यो जिल्ला समृद्धि सतहबाट ५८ मिटर देखि ५०० मिटर सम्मको उचाइमा अवस्थित छ । यो जिल्ला धान र चियाको लागि राष्ट्रकै अग्र स्थान रहेको छ । साथै बगालबाट बहने मनसुनी वायुको कारणले यहाँ धेरश्ैं वर्षा हुने गर्दछ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मि. भएको यस जिल्लाको पूर्वी पश्चिम लम्बाई ४६ कि.िम र उत्तर दक्षिण सरदर चौडाइ २९ कि.मि. छ । (जि.वि.स. प्रोफाइल, २०६८)

जिल्लाको उत्तरी भागमा चूरै क्षेत्रबाट बग्ने नदी ५ खोलानालाहरूले बगाएर ल्याएको वलौटे माटो पाइन्छ । जसलाई भावर भनिन्छ । यस जिल्लामा न्यून औसत तापक्रम ५७° सेलिसयस मंसिर २ पौष महिनामा २ सबै भन्दा बढी औसत तापक्रम ४०° सेकिसयस जेष्ठ तथा असार महिनामा हुन्छ । त्यसैगरी दक्षिणी भागमा भवर प्रदेशमा आएर नदीहरूले याँका तटवर्ती जग्गालाई सिंचित गरेको छ । यस भेगको माटो मलिलो छ । यहाँको तापक्रम मध्यम पाइन्छ । यहाँ बढीमा ४०° सेलिसयस र घटीमा १०° सेलिसयस सम्म हुन्छ । पूर्वबाट वहने मनसुनी हावा महाभारत पर्वत श्रृखलामा ठक्कर खाएर यहाँ मनसुनी वर्षा हुन्छ । सबभन्दा बढी वर्षा, असार, श्रावण र भाद्र महिनामा हुन्छ र कम वर्षा मंसिर महिनामा हुन्छ । जहाँ वर्षा भरिमा औसत २७१.७५ मिलिमिटर वर्षा हुन्छ । मेची निन्दाविरिङ्ग कन्काई रतुवा र मावा यस जिल्लाका प्रमुख नदीनालाहरू हुन् । मेचीनदी नेपालको पूर्वी सीमाना पनि हो भने भावा खोला यस जिल्लको पश्चिम सीमानामा रहेको

छ । नेपालको होचो ठाउँ केचना कवल यस जिल्लाको दक्षिणी सोमानामा पर्दछ । जसको उचाइ समुद्र सतहबाट ५८ मिटर रहेको छ । जि.वि.स. प्रोफाइल, (२०६८)

### ४.१.२ वालुवाडी गा.वि.स. को परिचय (Introduction of Balubadi VDC)

वालुवाडी गा.वि.स. पूर्वी नेपालको झापा जिल्लामा अवस्थित एक गा.वि.स. हो । झापा जिल्लाको दक्षिणी भागमा रहेको यस गा.वि.स. को सदरमुकाम सम्मको दुरी लगभग २३ किलोमिटर रहेको छ । यस गा.वि.स. को उत्तरी भागमा रहेको चारकोर्स झाडी पनि यस गा.वि.स भित्र पर्दछ । जसले गर्दा यहाँको मानिसहरूले विभिन्न वन पैदावारका वस्तुहरू यसैबाट प्राप्त गरिरहेका छन् । यसै गरी यस गा.वि.स. का दक्षिणी भागमा नेपालको होचो ठाउँ केचनाकवल (सुमन्द्र सतहबाट ५८ मि) पर्दछ । पूर्वतर्फ नेपालको पूर्वी सीमाना छुट्याउने मेची नदी रहेको छ भने पश्चिममा पथरिया गा.वि.स. रहेको छ । गा.वि.स. प्रोफाइल (२०६८)

यस गा.वि.स. मा विभिन्न समुदायका मानिसहरू बसोबास गर्ने गरेको पाइन्छ । अर्थात् मिश्रित समुदाय रहेको छ । खासगरी राजबंशी जातिका मानिसहरूको बसोबास अधिकतम रहेको पाइन्छ, जुन यहाँको प्रमुख आदीवासी हुन् । यस गा.वि.स. को माटो कृषि क्षेत्रका लागि ज्यादै उपयुक्त रहेको छ । उत्तरी भागमा रहेको चारकाससे झाडीबाट बगेका नदीहरूले मालिलो माटो बगाएर थुपार्नाले पनि यहाँको माटो एकदमै मलिलो छ । जसले गर्दा नगदेवालीहरू र अन्य कृषिवालीहरूबाट राम्रो आम्दानी लिन सकिन्छ (गा.वि.स. प्रोफाइल, २०५८) ।

विभिन्न सरकारी र गैरसरकारी संघसंस्थाहरू रहेको यस गा.वि.स. को कुल घरधुरी १४१२ रहेको छ । जसमा कुल जनसङ्ख्या ६६५५ रहेकोमा महिलाको सङ्ख्या ३१९८ रहेको छ भने पुरुषको सङ्ख्या ३४५७ रहेको छ । यसको जनघनत्व ४५५.७४ per sq.km रहेको छ । साक्षरता प्रतिशत ७०.५ रहेको छ । यस गा.वि.स. को क्षेत्रफल भने १४.३२ km रहेको छ ।

### ४.१.३ नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको परिचय (Introduction of NMC)

सहकारी सिद्धान्त र मान्यतालाई आत्मसात गर्दै स्थानीय स्तरमा छरिएर रहेको स-साना पूँजीलाई एकत्रित गरी संस्थाका सदस्यहरूलाई उत्पादशील एवम् व्यवसायिक कार्यको लागि सरल एवम् सुलभ् तरिकाले ऋण प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्ने लक्ष्यका साथ वालुवाडी गा.वि.स. जनताहरूको पहलमा वि.सं. २०६५ सालमा नेपाल बहुउद्देश्य सहकारी संस्थाले वि.सं. २०६५ साल देखिनै वचत तथा ऋण प्रदान गर्ने कार्यक्रमको शुरुवात गरेको थियो । यस संस्थाको कार्यलय वालुवाडी गा.वि.स. वडा नं. ४ मा रहेको छ । यस संस्थाले हाल आफ्नो कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरूलाई ऋण तथा वचत सेवा र सचेतना सेवाहरू उपलब्ध गराउँदै आएको छ । यसका साथै यस संस्थाले रेमिटको कार्य पनि गर्दै आएको छ । यस संस्थामा हाल १५७६ जना शेयर सदस्यहरू रहेका छन् । यस संस्थाको आम्दानीको मुख्य स्रोत व्याज, सेवा, शुल्क, आदि रहेको छ । यस संस्थामा सदस्य भई खाला खोली दैनिक रूपमा आफ्नो क्षमता अनुसारको रकम जम्मा गर्ने सकिन्छ । (स्थगत अध्ययन सर्वेक्षण (२०७२)

### ४.१.४ उद्देश्यहरू (Objectives)

सदस्यहरूको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमता विकास सदस्य समुदायको सामाजिक विकास समेतलाई ध्यानमा राखी स्थापना भएको सहकारी संस्थाको उद्देश्यहरू सर्वेक्षण गर्दाको समयमा यस प्रकार रहेको पाइयो ।

१. सदस्यहरूमा स्वावलम्वन्वन, तथा एक्यवद्धताको भावना विकासगरी सदाचार, नैतिकता तथा पारस्परिक सहयोग तर्फ उन्मुख गराउने ।
२. सदस्यहरू मित्र सीमित रही वचत परिचालन गर्ने ।
३. वचत परिचालन गर्दा सदस्यहरको व्यक्तिगत क्षमता विकास तथा उनीहरूको उत्पादन, व्यवसाय, पेशाको अभिवृद्धिका लागि गर्ने ।
४. सदस्यहरूको प्राथमिक आवश्यकता र आय आर्जन पक्षलाई समायोजन गर्ने दृष्टिकोणले लगानी व्यवस्थापन गर्ने ।
५. सदस्य समुदायभित्र सामाजिक, सांस्कृतिक, शैक्षिक स्वास्थ्य, पर्यावरण संरक्षण सम्बन्धी क्रियाकलाप गर्ने ।
६. नगदेवाली र पशुपालनमा लगानी गर्ने ।

### ४.१.५ कार्यहरू (Function)

१. सहकारीको मूलय मान्यता र सिद्धान्तको आधारमा आचार संहित बनाई लागू गर्ने ।

२. छरिएर रहेको स्रोत र साधनहरूको एकीकृत र संगठित गर्ने ।

३. सदस्यहरू र संस्था बिचको अन्तर सम्बन्ध अभिवृद्धि गर्ने ।

४. शेयर सदस्यह्रुमा वचत र लगानी गर्ने ।

५. वचत र लगानीलाई सरल र सुलभ बनाई सदस्यहरूको घरदैलोमा पु¥याउने ।


६. सदस्यहरूमा सूचना प्रविधिको सेवा उपलब्ध गराइ आय आर्जनको क्षमता अभिवृद्धि गराउने ।

७. सदस्यहरूमा थप शेयर विक्री गरी पूँजी बढाउने ।

## ४.२ संस्थाको संगठनात्मक अवस्था (Organizational Condition of Institution)

नेपाल बहुउद्देश्य सहकारी संस्थाको संगठनात्मक चार्ट निम्नानुसार छ ।

यस बहुउद्देश्य सहकारी संस्था लि को माथिल्लो निर्णायकका रूपमा साधारण सभा रहने व्यवस्था रहेको पाइयो । विनिमय संशोधन, अन्य समितिको अन्तिम निर्णय गर्नका लागि वर्षमा १ पटक साधारण सभा बस्ने व्यवस्था पाइयो । यसका साथै सल्लाहकार समिति, लेखा समिति रहने व्यवस्था रहेको पाइयो । विभिन्न कर्या गर्नका लागि कामको प्रकृतिको आधारमा कार्य समिति, उपसमिति, ऋृण समिति, आन्तरिक व्यवस्थापक, कर्मचारी, शिक्षा समिति, शेयर सदस्यहरू रहेको पाइयो । यसलाई तलका रेखाङ्कित चित्रद्वारा प्रस्तुत गरिएको छ ।




स्थलगत सर्वेक्षण २०७१ ।

## ४.३. नमूना छनोट सहकारीको वर्तमान अवस्था (Current Condition of Sampled Co-operative)

नमूना छनोटमा परेको सहकारीको वर्तमान अवस्था अध्ययन यस अध्ययनको प्रमुख उद्देश्य रहेकाले यस सहकारी संस्था, पूँजीगत, दायित्व, नगदसम्पत्ति, लगानी ऋण दिने व्यवस्था, व्याजदर ऋण लगानी, भुक्तानी, वचत, आम्दानी र खर्चको अवस्थालाई तल छुट्टाछुट्टै उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ४.३.१ संस्थाको पूँजीगत दायित्व (Capital Liabilties of Co-operative)

यस सहकारी संस्थाको आ.व. २०६९/०७० मा कुल दायित्व तथा पूँजी ११६९४६,७१५.४५ रहेको पाइयो भने आ.व. २०७०/०७१ मा कुल दायित्व तथा पूँजी

१४९,८५०,३४०.३९ रहेको पाइयो जसलाई शेयर पूँजी, जगडो कोष अन्य कोष निक्षेप दायित्व र भुक्तानी दिनुपर्ने अन्य दायित्व शीर्षकमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**संस्थाको दायित्व तथा पूँजीगत विवरण**

| क.सं. | दायित्व तथा पूँजी | आ.व. २०६९/०७० | आ.व. २०७०/०७१ | औसत वार्षिक रकम (रु) मा |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | ५७०८२४७.०० | ८१८०२२०.०० | ६८९४२३३.५ |
| २ | जगेडा कोष | २३९४२६०.१० | ४९६८९९१.१५ | ३७८१६२५.६२५ |
| ३ | अन्य कोषहरू (कजा जोखिम कोष) | ५७९१८३.०० | ८८५९८०.०० | ७३१०८१.५ |
| ४ | निक्षेप दायित्व | ५९६६४००७.१० | ८६८७५५४२.२४ | ७३२६९७७४.६७ |
| ५ | भुक्तानी दिनुपर्ने | ४६४१२४४.७६ | ५२२११६४.२८ | ४९३१२०४.५२ |
| ६ | अन्तरशाखा सापटी | ४०६०४३७२.०० | ३९३४२९०३.०० | ३९९७३६३७.५ |
| ७ | नाफानोक्सान | ३३५८००१.४९ | ४३७५२३९.७२ | ३८६६६२०.६०५ |
| ८ | कर्जा धरौटी हिसाब | ४००.०० | ३००.०० | ३५०.०० |
| | जम्मा | ११६९४६७१५.४५ | १४९८५०३४०.३९ | १३२७८०५४७.९२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार शेयर पूँजी आ.व. २०६९/०७० मा रु ५,७०८,२४७.०० रहेको थिया भने आ.व. मा रु ८,१८०,२२०.०० पुगेको छ । त्यसैगरी जगेडा कोष आ.व.. २०६९/०७० मा रु २,३९४,२६०.१० थियो भने आ.व. २०७०/०७१ मा रु ४,९६८,९९१.१५ रहेको पाइयो भने अन्य कोषमा आ.व. २०६९/०७० मा रु ५,७६,१८३.०० थियो भने २०७०/०७१ मा रु ८८५,९८०.०० रहेको पाइयो । त्यसैगरी निक्षेप दायित्व २०६९/०७० मा रु ५९६६४०००.१० थियो भने २०७०/०७१ मा बढेर ८५,८७५,५४२.०० रहेको पाइयो । यसरी नै भ्कुत्तानी दिनुपर्ने अन्य दायित्व र नाका नोक्सान बढ्दै गएको पाइयो ने अन्तर शाखा सापटी र कर्जा धरौटी हिसाब घट्दै गएको पाइयो ।

यस सहकारी संस्थाको औसत पुंजीगत दायित्वमा शेयर पूँजीमा रु. ६८,९४,२३३.५ जगेडा कोष रु ३,७८१,६२५.६२५ अन्य कोषहरूमा ७३१०८१.५, निक्षेप दायित्वमा रु

७३२६९७७४.६७ र भुक्तानी दिनुपर्ने अन्य दायित्व रु ४९३१२०४.५२ रहेको पाइयो । त्यसैगरी अन्तरशाखा सापटी रु ३९९७३६३७.५, नाफा नोक्सान रु ३८६६६२०.६०५ कर्जा धरौटी हिसाब रु ३५०:०० रहेको पाइयो । औसट वार्षिक पूँजीगत दायित्व रु १३२७८०५४.९२ रहेको पाइयो ।

### ४.३.२ नमूना छनौट सहकारीको नगद सम्पत्ति (Assets of Sampled Co-operative)

यस सहकारी संस्थाको आर्थिक वर्ष २०६९/०७० मा जम्मा रु ११६,९४६,७१५.४५ र आर्थिक वर्ष २०७०/०७१ मा रु १४९८५०३४०.३९ जम्मा सम्पीत्त रहेको पाइयो । यस सहकारीको नगद सम्पत्तिको रूपमा नगद मौज्याद, बैंक मौज्दात, लगानीमा रहेको कर्जा पाउनुपर्ने, हिसाब, घरजग्गा तथा स्थिर सम्पत्ति र अन्तरशाखा सापटी गरी विभिन्न शीर्षक रहेको पाइयो । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**
**संस्थाको सम्पत्ति तथा जायजेथा विवरण**

| क.सं. | दायित्व तथा पूँजी | आ.व. २०६९/०७० | आ.व. २०७०/०७१ | औसत वार्षिक रकम (रु) मा |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | २६२९३१८.०० | १९२५३२६.०० | २२७७३२२ |
| २ | बैंक मौज्दात | ४५६१४४१.६१ | ५२३२३५७.५६ | २६२०७४०४४०.६१ |
| ३ | लगानीमा रहेमको कर्जा | ५७६१८२७६.०० | ८८५९७९९८.०० | ७३१०८१३७ |
| ४ | पाउनुपर्ने हिसाब | २५००.०० | - | १२५० |
| ५ | घरजग्गा तथा स्थिर सम्पत्ति | ३३१७२४७.०० | ३१८५३६.०० | १८१७८९१.५ |
| ६ | अन्तरशाखा सापटी | ४८८१७९३२.८४ | ५०९१११२२.८३ | ४९८६४५२७.८३५ |
| | जम्मा | ११६९४६७१५.४५ | १४९८५०३४०.३९ | २७४७८०९५६८.९४५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

यस सहकारी संस्थाको आ.व. २०६९/०७० मा नगद मौज्दात रु २६२९३१८.०० रहेको थियो भने आ.व. २०७०/०७१ मा नगद मौज्दात भने कम रु १९२५३२५.०० मात्र रहेको पाइयो तर बैंक मौज्दात भने आ.व. २०६९/)७० मा ४५६१४४१.६१ थियो भने आ.व. २०७०/७१ मा रु ६७०९१५.९५ ले वृद्धि भएको पाइयो । त्यसैगरी लगानीमा रहेको कर्जा आ.व. २०६९/०७० मा रु ५७६१८२७६.०० थियो भने आ.व. २०७०/०७१ मा रु ८८५९७९९८.०० रहेको पाइयो । यसरी नै घर जम्मा तथा स्थिर सम्पत्ति आ.व.

२०६९/०७० मा रु ३३१७२४७.०० रहेको पाइयो । आ.व. २०६९/०७० मा अन्तरशाखा सापटी आ.व. २०७०/०७१ मा रु २०९३१८९.०० ले बढेको पाइयो । आ.व. २०६९/०७० र २०७०/०७१ को नगद मौज्दातलाई औसतमा रूपमा हेर्दा औसत जम्मा नगद सम्पत्ति रु २७३७८०९५६८.९४५ रहेको पाइयो ।

### ४.३.३ लगानीको क्षेत्रगत विवरण (Detial of Investment Area)

यस बहुउद्देश्य सहकारी संस्थाले आफ्नो शेयर सदस्यहरूलाई शिक्षा, व्यापार, सवारी, भवन, कृषि विपन्नवर्गलाई ऋण प्रदान गरेको पाइयो । यस सहकारी संस्थाले आ.व. २०६९/०७० र २०७०/०७१ मा गरेको लगानी विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.४**
**लगानीको क्षेत्रगत विवरण**
**विवरण आ.व. २०६९/०७० आ.व. २०७०/)७१**


| विवरण | आ.व. २०६९/०७० | | आ.व. २०७०/०७१ | | औसत वार्षिक लगानी (रु मा) | |
|---|---|---|---|---|---|---|
| | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| व्यापार | ४३५५१९४७.०० | ७५.५८ | ४७८७६२५४.०० | ६८.४१ | ६७४९००७४ | ७३.१४ |
| सवारी | २८६६०३२.०० | ४.९७ | २१८७०४८.०० | ३.१२ | ३६२००६४ | ३.९२ |
| शिक्षा | ३४३५६४१.०० | ५.९६ | ३९६९१७०.०० | ५.६७ | ५४२०२२६ | ५.८७ |
| कृषि | ५५६९१२९.०० | ९.६६ | १४०८७८१३.०० | २०.१३ | १२६१३०३५.५ | १३.६६ |
| भवन नि. | २१९५५२७.०० | ३.८१ | १४९९१५६.०० | २.१४ | २९४५१०५ | ३.१९ |
| विपन्न वर्ग | - | - | ३५९२४७.०० | ०.५१३ | १७९६२३.५ | ०.१९ |
| जम्मा | ५७६१८२७६ | १०० | ६९९७८६८८ | १०० | ९२२६८१२८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका ४.३ अनुसार सहकारी संस्थाले आफ्नो सदस्यहरूलाई दिदै आएको ऋण लगानीलाई आ.व. २०६९/०७० र आ.व. २०७०/०७१ को क्षेत्रगत रूपमा देखाइएको छ । तालिका अनुसार आ.व. २०६९/०७० र आ.व. २०७०/०७१ मा व्यापारमा क्रमश: ५७०८२४७.०० र ४७८७६२५४.०० रहेको पाइयो भने सवारीमा क्रमश: २८६६०३२.०० र २१८७०४८.०० रहेको पाइयो । त्यस्तै गरी शिक्षामा क्रमश: ३४३५६४१.०० र २१८७०४८.०० रहेको पाइयो भने कृषिमा क्रमशः ५५६९१२९.०० र १४०८७८१२.०० छ

भने भवन निर्माणमा क्रमशः रु २१९५५२७.०० र रु १४९९१५६.०० रहेको पाइयो । आ.वं. २०६९/०७० र आ.व. २०७०/०७१ दुई वर्षको क्षेत्रगत लगानीलाई हेर्दा औषत जम्मा लगानी रु ९२२६८१२८ रहेको पाइयो ।

यसलाई वृत्तचित्रद्वारा यसरी देखाउन सकिन्छ :




## ४.७ ऋण दिने व्यवस्था (Provision of Loan Provide)

यस सहकारी संस्थाको सदस्य बनिसकेपछि संस्थाले आफ्नो सदस्यहरूलाई ऋण दिँदा घरजग्गा धितो, वचत, शेयर, सामुहिक धितो वा जमानत, व्यक्तिगत धितो वा जमनताको अधिकारमा ऋण दिने गरेको पाइयो । यस संस्थाले विशेष गरेर व्यापार, कृषि, शिक्षा भवन निर्माण सवारी साधन जस्ता विभिन्न उद्देश्यको आधारमा ऋण दिने गरेको पाइयो ।

### ४.७.१ व्याजदर सम्बन्धित व्यवस्था (Provision of Interest)

यस संस्थाद्वारा वितवरण गरिने ऋण लगानीमा अधिकतम १ वर्षमा मुक्तान गरिसक्नु पर्ने व्यवस्था गरेको पाइयो । यस संस्थाद्वारा ऋण (लगानी) मा निम्नानुसारको व्याजदर निर्धारण भएको पाइयो । अन्तिम भाखामा एकमुष्ठ साँवा व्याज भुक्तान गर्ने व्यवस्था पनि रहेको पाइयो । यदि कुनै सदस्यहरूद्वारा व्याज र साँवा समयमा भुक्तान गर्न नसकेमा पहलिो महिनामा निजले बुझाउनेपर्ने ऋण रकममा १ प्रतिशतले थप गरी अशुल गर्ने र छैठो महिनापछि ३० प्रतिशतले जरिवाना स्वरूप असूल उपर गरिने व्यवस्था रहेको थियो ।

**तालिका ४.४५ऋण (लगानी) मा व्याजदरको व्यवस्था (२०७१)**

| क.सं. | प्रयोजन | व्याजदर | भुक्तानी अवधि |
|---|---|---|---|
| १. | कृषि/उद्योग/व्यापार | १३ % | १ वर्ष |
| २. | आवाश/जग्गा/घर निर्माण | १३.५ % | १ वर्ष |
| ३. | शैक्षिक | १२ % | १ वर्ष |
| ४. | सामाजिक | १२ % | १ वर्ष |
| ५. | अल्पाकालिन | १३ % | १ वर्ष |
| ६. | आवधिक निक्षेप धितोमा | १३.५ % | १ वर्ष |
| ७. | हायर पर्चेज (सवारी साधन) | १४ % | १ वर्ष |
| ८. | अन्य प्रयोजन | १४.५% | १ वर्ष |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार यस संस्थाले वितरण गर्ने ऋण लगानीमा कृषि/व्यापार/उद्योग क्षेत्र तर्फ १३%, आवाश जग्गा/घर निर्माण क्षेत्रमा १३.५ प्रतिशत, सामाजिक कर्जामा १२%, शिक्षामा १२%, अल्पकालिन, ऋणमा १३ प्रतिशत आवधिक निक्षेप धितोमा १३.५ प्रतिशत, हायर पर्चेज (सवारी) साधन मा १४ प्रतिशत र अन्य प्रयोजनका लागि १४.५ प्रतिशत व्याज संस्थाले लिने गरेका पाइयो ।

यस संस्थाले सदस्यहरूलाई वचतमा दिने व्याजदरलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.६**
**ऋण (लगानीमा) मा व्याजदरको व्यवस्था (२०७१)**

| क.सं. | प्रयोजन | भुक्तानी अवधि | व्याजदर |
|---|---|---|---|
| १ | नियमित वचत | १ वर्ष | ८ % |
| २ | ऐच्छिक वचत | १८ महिने | ९ % |
| ३ | आवधिक वचत | १ र २ वर्ष | ११ % |
| ४ | आवधिक वचत | ३ वर्ष र ४ वर्षे | १२ % |
| ५ | आवधिक वचत | ५ वर्ष | १३ % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार यस सहकारी संस्थाले सदस्यहरूलाई नियमित १ वर्ष वचतमा ८% प्रतिशत, ऐच्छिक वचत १८ महिनेमा ९%, आवधिक बचत १ र २ वर्षे मा ११ प्रतिशत, आवधिक वचत ३ देखि ४ वर्षेमा १२ प्रतिशत र आवधिक ५ वर्षेमा १३ प्रतिशत व्याजदिने गरेको पाइयो । यसरी हेर्दावचत खाता सञ्चालन गरेतापनि पनि उल्लेख राम्रो व्याज दिने गरेको पाइयो ।

### ४.७.२ ऋण भुक्तानीको व्यवस्था (Provision of Loan Payment)

यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तिमा एक महिनादेखि बढमिा १ वर्ष सम्मको रहेको पाइयो । ऋणीले ऋण मासिक, त्रैमासिक वा अर्धवार्षिक रूपमा किस्तावदीको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था भएको पाइयो तर अल्पकालिन ऋण रकम मासिक किस्ता वन्दीको रूपमा भुक्तान गर्नुपर्ने व्यवस्था रहेको पाइयो । ऋण लिने सदस्यहरूले आफूले राखेको भाकामा एकै पटक सावा व्याज तिर्न चाहे एकै पटक तिर्न सक्ने व्यवस्था रहेको र यदि मासिक रूपमा व्याज भुक्तान गरी अन्तिम भखामा एकमुष्ट सावा व्याज भुक्तान गर्ने व्यवस्था पनि रहेको पाइयो । यदि कुनै सदस्यद्वारा व्याज र साँवा समयमा भुक्तान गर्न नसकेमा पहिलो महिनामा निजले बुझाउनुपर्ने ऋण रकममा १ प्रतिशतले थप गरी अशुल गर्ने र छैटो महिनापछि ३५ प्रतिशतले र १ वर्षभन्दा बढी भाखा नाघेकाको १०० प्रतिशतले जरिवाना स्वरूप असूल उपर गरिने व्यवस्था रहेको पाइयो ।

## ४.३ बचत विवरण (Saving Details)

यस संस्थामा संलग्न भएका सदस्यहरूले आ-आफ्नो क्षमता बमोजिमको रकम यस संस्थाको नियम अनुसार वचत गर्दछन् । यस सहकारी संस्थामा बचतकर्तालाई वचत गरेतापनि व्याज प्रदान गरिने व्यवस्था रहेको पाइयो । यस सहकारीमा संलग्न सदस्यहरूले जम्मा रु ११८२७४२० वचत गरेको पाइयो । यस संस्थामा रहेको विभिन्न निक्षेपमा रहेको बचतलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.७

## वचत तथा निक्षेप विवरण

| क.सं. | निक्षेपको प्रकार | आ.व. २०६९/०७० रकम (रु मा) | आ.व. २०७०/०७१ रकम (रु मा) | औसत रकम रु मा |
|---|---|---|---|---|
| १ | क्रमिक वचत | १८७०००३५.०० | २०९३४३१० | १९७६७१७२.५ |
| २ | न्यून वचत | १०७७७०२.६३ | १३९८६५५.९८ | १२३८१७९.३०५ |
| ३ | साधारण वचत | १०४३४१५५.०८ | १८३१३९८९.६३ | १४३७४०७२.३५ |
| ४ | सहकारी वचत | ३८५०५१.८४ | ४६३४४५.३५ | ४२४२४८.५९ |
| ५ | सुपर सेभिङ्ग | ५००८५५६.५९ | ९४६९४००.२ | ७२३८९७८.३९ |
| ६ | ज्येष्ठ नागरिक ब. | ४०४२२.६६ | ९०५५३३.७६ | ४७२९८८.२ |
| ७ | महिला वचत | २३७८८५.८३ | ४९२६८३१.९२ | २५७९४६२.१ |
| ८ | कर्मचारी/शिक्षक ब. | २३२०९२.२८ | ३१९८४०.२६ | २७५९६६.२७ |
| ९ | मुद्दति बचत | ५८००००.०० | २९३२००० | १७५६००० |
| जम्मा | | ३६६९५९२१.९० | ५९६६४००७.१० | ४८१२७०६७.७०५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार आ.व. २०६९/७० र २०७०/०७१ को क्रमिक बचत १८७०००३५.०० र २०९३४३१० तथा औसत आय १९७६१७२.५, आ.व. २०६९/०७०, आ.व. २०७०/०७१ को न्यून बचत १०७७७२.६३ र १३९८६५५.९८ रहेको पाइयो । त्यसैगरी त्यस वर्षको औसत आय रु १२३८१७९.३०५ रहेको पाइयो ।

यसरी नै आ.व. २०६९/०७० को जम्मा वचत रु ३६६९५९२१.९० रहेको पाइयो भने आ.व. २०७०/०७१ को जम्मा वचत रु ५९६६४००७.१० रहेको पाइयो । यसरी नै औसत वचत रु ५०४५७१५९.७९५ ।

### ४.३.५ सहकारीको वार्षिक आम्दानी (Annual Income of Cooperative)

यस सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्ने क्रममा विभिन्न क्षेत्रबाट आम्दानी गरेको पाइयो । यस संस्थाले आ.व. २०६९/०७० र आ.व. २०७०/०७१ मा व्याज आय,

प्रवेश शुल्क बैंक व्याज प्रवेश शुल्क, रेमिट आय विविध आम्दानी आदिबाट प्राप्त आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.८**

**नेपाल बहुद्देश्य सहकारी संस्थाको आम्दानी विवरण**

| क.सं. | विवरण | आ.व. २०६९/०७० | | आ.व. २०७०/०७१ | |
|---|---|---|---|---|---|
| | | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| १ | ब्याज आय | ६०२०२०७.०० | ८८.८२ | ७९८०१३९.०० | ७९.०३ |
| २ | बैंक आय | ११०६८४.४५ | १.६३ | १५२०५८६.०० | १५.०५ |
| ३ | प्रवेश आय | ३२००.०० | ०.०४ | ८९००.०० | ०.०८ |
| ४ | रेमिट आय | ८५५००.०० | १.२६ | ३८०३७.०० | ०.३७ |
| ५ | खाता बन्दी शुल्क | ३३५८३.०० | ०.४९ | २१०५१.०० | ०.२० |
| ६ | विविध आम्दानी | १८६९०.०० | ०.२७ | २८०५४.०० | ०.२७ |
| ७ | निवेदन फारम | २३७५०.०० | ०.३५ | २५०००.०० | ०.२४ |
| ८ | सेवा शुल्क आ. | ४८१८४४.०० | ७.१० | ४७५१८०.०० | ४.७० |
| जम्मा | | ६७७७४५८.४५ | ९९.९६ | १००९६९४७ | ९९.९४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार यस सहकारीको आम्दानी विभिन्न क्षेत्रबाट प्राप्त गरेको पाइझे । आ.व. २०६९/०७० मा जम्मा आम्दानी रु ६७७७४५८.४५ रहेकोमा व्याजबाट रु ६०२०२०७०७.०० रहेकोमा जम्मा आम्दानीको ८८.८२ प्रतिशत, बैंक आयबाट रु ११०६८४.४५ अथवा जम्मा आम्दानीको १.६३ प्रतिशत, रेमिट आय वाट रु ८५५००.०० जुन जम्मा आम्दानीको १.२६ पतिशत, प्रवेश शुल्कबाट ३२००.०० जुन जम्मा आम्दानीको ०.०४ खाताबन्दी शुल्कबाट रु ३३५८३.०० जुन जम्मा आम्दानीको ०.४९ प्रतिशत, विविध आम्दानीबाट रु १८६९०.०० जुन जम्मा आम्दानीको ०.२७ प्रतिशत निवेदन फारमबाट रु २३७५०.०० जुन जम्मा आम्दानीको ०.२५ प्रतिशत, सेवाशुल्क आम्दानीबाट रु ४८१८४४.०० जुन जम्मा आम्दानीको ७.१० प्रतिशत आम्दानी गरिरहेको पाइयो ।

आ.वं. २०६९/०७० र आ.व. २०७०/७१ दुवै सबैभन्दा बढी आम्दानी व्याजदर प्राप्त भएको छ । समग्रमा हेर्दा जम्मा आम्दानीको २०६९/०७० मा ८८.५२ प्रतिशत र आ.व. २०७०/०७१ मा ७०.०३ प्रतिशत आम्दानी व्याजबाट नै प्राप्त भएको पाइयो ।

### ४.३.६ सहकारीको वार्षिक खर्च (Annual Expenditure of Cooperative)

नमूना छनोटमा परेको सहकारीले गरेको आम्दानी विभिन्न शीर्षकमा खर्च गर्न गरेको पाइयो । आ.व. २०६९/०७० मा जम्मा २६२४८४.४७ गरेको पाइयो । आ.व. २०७०/०७१ मा जम्मा रु ४१२५७७५.५५ खर्च गरेको पाइयो । यस संस्थाले कर्मचारी तलब भट्टा, घरभाडा, मसलन्द र अन्य कार्य सञ्चालनमा खर्च गरेको पाइएको छ । जुन तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.९**

**सहकारीको खर्च विवरण**

| क.सं. | विवरण | आ.व. २०६९/०७० | | आ.व. २०७०/०७१ | |
|---|---|---|---|---|---|
| | | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| १ | सेवा तथा महसुस | ४६३९७.०० | १.७६ | ५५१११.०० | १.३० |
| २ | कमचारी तलब/यातायात/पोशाक | ३१४६८४.०० | ११.९८ | ४९७५९१.०० | ११.७७ |
| ३ | घरभाडा खर्च | ८४९०५.०० | ३.२३ | ७४९८७.०० | १.७७ |
| ४ | मसलन्द खर्च | २४७७१.०० | ०.९४ | २१२६१.०० | ०.५० |
| ५ | अन्य | २१५३९२७.४७ | ८२.०६ | ३४७६८२५.५५ | ८४.६४ |
| जम्मा | | २६२४६८४.४७ | ९९.९७ | ४१२५७७५.५५ | ९९.९८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार यस सहकारी संस्थाले आ.व. २०६९/०७० मा गरेको जम्मा खर्च रकम रु २६२४६८४.४७ मा सेवा तथा महसुल खर्च रु ४६३९७.०० अर्थात १.७६ प्रतिशत, कर्मचारी तलब भत्ता र पोशाकमा ११.९८ प्रतिशत, घरभाडा खर्चमा ३.२३ प्रतिशत, मसलन्द खर्च ०.९४ प्रतिशत अन्य ८२.०६ प्रतिशतले गरेको पाइयो । आ.व. २०७०/०७१ को जम्मा खर्च रकम रु ४२२५७७४.५५ मध्ये सेवा तथा महशुल खर्च ५५१११.०० अर्थात् १.३० प्रतिशत, कर्मचारी, तलब भत्ता र पोशाकमा ११.७७ प्रतिशत,

घरभाडा १.७७ प्रतिशत, मसलन्द खर्च ०.५० प्रतिशत र अन्य खचै ८४.६४ प्रतिशत गरेको पाइयो । अन्य (व्याज खर्च, छ्रासकट्टी, यातायात, खाजा आदि) ।

## ४.४ नमूना छनौट सदस्यहरूको उमेर जातिगत र पेशागत विवरण (Age, Caste and Occupation of Sampled Members)

सहकारीको सदस्यता प्राप्त गरेका व्यक्तिहरूलाई सहकारीमा संलग्न भएका सदस्यता भनिन्छ । यस क्रममा अध्ययन क्षेत्रमा रहेका सहकारीमा संलग्न भएका विभिन्न पेशामा आवद्ध सदस्यहरूलाई नमूना छनोटमा परेका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा रहेका उमेर समूह जातिगत विवरण र पेशागत विवरणलाई निम्न अनुसार देखाइएको छ ।

### ४.४.१ नमूना छनोटमा परेका सदस्यको उमेरगत विवरण (Agewise Details of Sampled Member)

नमूना छनोटमा परेका सहकारी संस्थामा संलग्न भएका १०० जना सदस्यहरूको विभिन्न उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । छनोटमा परेका सदस्यहरूलाई २० वर्ष भन्दा कम, २० देखि ३० वर्ष, ३० देखि ४०, ४० देखि ५० वर्ष र ५० वर्ष भन्दा माथिको उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गदाृको समयमा यी विभिन्न उमेर समूहका सदस्यहरूको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ ।


**ताकालि ४.१०**
**उमेरगत विवरण-२०७१**

| क्र.सं. | उमेर समूह (वर्ष) | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० भन्दा कम | ९ | १० | १८ | ८.०८ |
| २ | २०-३० | २० | ३२ | ५२ | २२.१२ |
| ३ | ३०-४० | ३२ | ४५ | ७७ | ३२.७६ |
| ४ | ४०-५० | ३८ | ४२ | ८० | ३४.०४ |
| ५ | ५० भन्दा माथि | ० | ७ | ७ | २.९७ |
| जम्मा | | ९९ | १३६ | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार नमुना छनोटमा परेका जम्मा २३५ जना सदस्यहरूमध्ये २० वर्ष भन्दा कम उमेर भएका महिला ९ जना पुरुष १० जना गरी जम्मा १९ जना, २०-३० वर्ष उमेर समूहका महिला सदस्य २० जना पुरुष ३२ गरी जम्मा ५२ जना, ३०-४० वर्ष उमेर समूहका महिला सदस्य ३२ जना पुरुष ४५ जना गरी ७७ जना, ४०-५० उमेर समूहका महिला सदस्य ३८ पुरुष ४२ जना गरी ८० जना र ५० वर्ष भन्दा माथिका उमेर समूहका महिला सदस्य  ० जना, पुरुष ७ जना गरी ७ जना सदस्य रहेको पाइयो । यसलाई स्तम्भ चित्रद्वारा देखाउन सकिन्छ :

**स्तम्भ चित्र ४.३**




## ४.४.२ नमूना छनोटमा परका सदस्यको जातिगत विवरण (Caste wise, Details of Sampled Method)

अध्ययन क्षेत्रको रूपमा रहेका वालुवाडी गा.वि.स. मा राजवंशी जातिको बाहुलयता रहेको छ । यसका साथै ब्राह्मण, क्षेत्री, मधेषी, आदिवासी तथा जनजातिहरूको बसोबास रहेको पाइयो । नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा पाइएको जातिगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.११**

| क.सं. | जात | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण/क्षेत्री | २८ | ४२ | ७० | २९.७८ |
| २ | आ तथा जन | २५ | ३५ | ६० | २५.५३ |
| ३ | दलित | ३० | २५ | ५५ | २३.४० |
| ४ | मधेषी | १६ | ३४ | ५० | २१.२७ |
| जम्मा | | ९९ | १३७ | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.९ अनुसार नमूना छनोटमा परेका जम्मा २३५ जना सदस्यहरू मध्ये ब्राह्मण, क्षेत्र महिला सदस्य २८ जना पुरुष ४२ जना गरी जम्मा ७० जना रहेको पाइयो । त्यसैगरी जनजाति तथा आदिवासी महिला सदस्य २५ जना, पुरुष ३५ जना गरी जम्मा ५५ जना र दलित महिला ३०, ० पुरुष २५ गरी जम्मा ५५ जना रहेको पाइयो त्यसैगरी मधेसी, महिला पुरुष ३४ गरी जम्मा ५० जना रहेको पाइयो । जातिय रूपमा दलिद महिलाको संख्या बढी २ मधेषी महिलाको संख्या कम पाइयो ।

### ४.४.३ नमूना छनोटमा परेका सदस्यहरूको पेशागत विवरण (Occupational details of Sampled Member)

नमूना छनोटमा परेका सदस्यहरू विभिन्न पेशामा संलग्न रहेको पाइयो । यस्ता पेशाहरूमा कृषि व्यापार, नोकरी, मजदुरी चालक रहेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा नमूना छनोटको रूपमा भएका सदस्यहरूका पेशा सम्बन्धित विवरण निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१५**

**पेशागत विवरण**

| क.सं. | पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ३९ | ३० | ६९ | २९.३७ |
| २ | व्यापार | ३० | ४५ | ७५ | २७.६५ |
| ३ | नोकरी | ९ | २२ | ३१ | १३.१९ |
| ४ | चालक | – | १२ | १२ | ५.१० |
| ५ | मजदुरी | २१ | २७ | ४८ | २०.४२ |
| जम्मा | | ९९ | १३६ | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.११ मा अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूका पेशा सम्बन्धी अवस्थालाई हेर्दा सबैभन्दा बढी व्यापारमा संलग्न महिला ३० जना पुरुष ४५ जना गरी जम्मा ७५ जना रहेको पाइयो भने सबैभन्दा कम चालक वर्गमा महिला शुन्य र पुरुष सदस्य १२ गरी जम्मा १२ जना संलग्न रहेको पाइयो ।

४.४.४ पारिवारिक सदस्य संख्या

| क.सं. | सदस्य संख्या | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३ भन्दा कम | १५ | ६.३८ |
| २. | ३-४ | ४० | १७.०२ |
| ३. | ४-५ | ६० | २५.५३ |
| ४. | ५-६ | ५५ | २३.४० |
| ५. | ६-७ | ४५ | १९.१४ |
| ६. | ७-८ | १५ | ७.३८ |
| ७. | ८ भन्दा बढी | ५ | २.१२ |
| जम्मा | | २३५ | १०० |

**४.७.४ ऋणका स्रोतहरू ऋण लिनुको उद्देश्य र व्याजदर (Sources of loan, objective and loand and interest rate)**

नमुना छनोटमा परेका सहकारीका संलग्न सदस्यहरूले सहकारीमा संलग्न भए पछिका ऋणका स्रोतहरू ऋण लिनुको उद्देश्य र व्याजदर सम्बन्धित प्रतिक्रियालाई तल उल्लेख गरिएको छ ।

### ४.७.५ नमूना छनोटमा परका सदस्यका लागि ऋणको स्रोत (Source of Loan for Sampled Member)

नमूना छनोटमा परका सदस्यहरूले विभिन्न स्रोतहरू ऋण लिने गरेको पाइयो । ऋणका स्रोतहरूमा सहकारी बैंक तथा विविध संस्था, साहुमहाजन र अन्य (छिमेकी, इष्टमित्र) रहेको पाइयो । उक्त सदस्यहरको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त ऋणको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**ऋणको स्रोतको विवरण-२०७१**

| क.सं. | ऋणको स्रोत | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी | ९० | ३८.२९ |
| २ | बैंक तथा वित्तीय संस्थ | ८० | ३४.०४ |
| ३ | साहु महाजन | ३५ | १४.८९ |
| ४ | अन्य (इष्टमित्र, छिमेकी) | ३० | १२.७६ |
| जम्मा | | ३३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकामा अध्ययन क्षेत्रमा सहकारीमा संलग्न सदस्यहरूले ऋण लिने स्रोतको विवरण देखाइएको छ । सदस्यहरूले विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । सहकारी संस्थाबाट ९० जना बैंक तथा वित्तिय संस्थाबाट ऋण लिने ८० जना, साहु महाजनबाट ३५ जना र अन्य (इष्टमित्र र छिमेकीबाट) ३० जनाले ऋण लिइएको पाइयो । सबैभन्दा बढी ऋण सहकारीबाट ३८.९९ प्रतिशतले ऋण लिएको पाइयो ।

### ४.७.६ ऋणका विभिन्न स्रोतका लागि व्याजदर (Interest Rate of Various Sources)

नमूना छनोटमा परका सहकारीमा संलग्न भएका सदस्यहरूले यस संस्थामा संलग्न हुनु अ घि विभिन्न क्षेत्रबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याजदरमा फरक पर्ने हुनाले सहकारी र अन्य स्रोतको व्याजदर सम्बन्धी व्यवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**ब्याजदर सम्बन्धी व्यवस्था-२०७१**

| क.सं. | ऋणको स्रोत | ब्याजदर (प्रतिशतमा) |
|---|---|---|
| १ | सहकारी | १४.५ |
| २ | बैंक तथा वित्तीय संस्था | २० |
| ३ | साहु महाजन | ३० |
| ४ | अन्य (इष्टमित्र, छिमेकी) | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारी संस्थामा संलग्न हुनु भन्दा अघि विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याज दरमा फरक रहेको पाइएको छ । ऋणको स्रोत अनुसार व्याजदरमा फरक रहेको  पाइएको छ । सहकारीमा संलग्न हुनुपूर्व बैंक तथा वित्तिय संस्थाबाट २० प्रतिशत साहुमहाजनबाट ३० प्रतिशत र अन्य (छिमेकी, इष्टमित्र) बाट २४ प्रतिशतमा ऋण लिने गरेको पाइयो भने सहकारीमा संलग्न भएपछि १४.५ पतिशतले ऋण लिने गरेको पाइयो ।

### ४.७.७ सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Loan Taking from Co-operation)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, भवन निर्माण, कृषि, लघुउद्यम र वैदेशिक रोजगारका लागि ऋण दिने गरेको पाइयो । अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सदस्यहरूले कुन कुन उद्देश्यका लागि कतिले ऋण लिँदा रहेछन् भन्ने कुराको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**ऋण लिनुको उद्देश्य, सङ्ख्या र प्रतिशत - २०७१**

| क.सं. | ऋण लिनुको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | ६० | २५.५३ |
| २ | शिक्षा | २० | ८.५१ |
| ३ | भवन निर्माण | ४० | १७.०२ |

| | | | |
|---|---|---|---|
| ४ | कृषि | २० | ८.५१ |
| ५ | सवारी साधन | ३५ | १४.८९ |
| ६ | उपभोग खर्च | २५ | १०.६३ |
| ७ | वैदेशिक रोजगार | २५ | १०.६३ |
| ८ | अन्य | १० | ४.२५ |
| जम्मा | जम्मा | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१३ अनुसार सहकारीमा संलग्न सदस्यहरूले विभिन्न प्रयोजन लागि ऋण लिने गरेको पाइएको थियो । जसमध्ये व्यापारका लागि ६० जनाले, शिक्षामा २० जनाले भवन निर्माणका लागि ४० जनाले, कृषिका लागि २० जनाले सवारी साधन खरीदका लागि ३५ जनाले उपभोग खर्चका लागि २५ जनाले वैदेशिक रोजगारका लागि २५ जनाले र अन्य उद्देश्यले १० जनाले ऋण दिने गरेको पाइयो ।

### ४.७.८ नमूना छनोटमा परेका सदस्यहरूको व्याजदर सम्बन्धी प्रतिक्रिया (Response of Sampled Members Interest Rate)

यस अध्ययन क्षेत्रमा रहेका सरकारी संस्था संलग्न सदस्यहरूले अन्य ऋण लिने स्रोत भन्दा कम व्याजदरमा ऋण सहकारीबाट प्रापत गरेको पाइयो । प्रश्नावलीमा समावेश भएका सहकारीमा संलग्न सदस्यहरूबाट प्रतिक्रिया लिने क्रममा सदस्यहरूले लिएको ऋणको स्रोतको आधारमा विभिन्न स्रोतबाट प्राप्त ऋणको व्याजदरको बारेमा यस्तो प्रतिक्रिया पाइयो ।

**तालिका ४.१६**

**व्याजदर सम्बन्धी प्रतिक्रिया-२०७१**

| क.सं. | प्रतिक्रिया | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महँगो छ | ५० | २१.२७ |
| २ | सामान्य छ | ९० | ३८.२९ |
| ३ | सस्तो छ | ७० | २९.७८ |
| ४ | अन्य वित्तीय संस्था सँग बराबर छ | ३५ | १४.८९ |

| जम्मा | | २३५ | १०० |
|---|---|---|---|

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार छनोटमा परेका सदस्यहरूबाट लिएको प्रतिक्रियामा संस्थाले उपलब्ध गराएको ऋण र अन्य स्रोतको ऋणको व्याजदरमा महँगो छ भन्ने ४० जना वा २१.२७ प्रतिशतले रहेको पाइयो । सामान्य छ भन्नेहरू ३८.२९ प्रतिशत, सस्तो छ भन्नेहरू २९.७८ प्रतिशत र अन्य वित्तिय संस्थासँग बराबर छ भन्नेहरू १४८९ प्रतिशत रहेको पाइएको थियो । यसबाट के स्पष्ट हुन्छ भन्ने छनोटमा परेका सहकारी संस्थाले लिने व्याज अन्य स्रोतको भन्दा महँगो नभएको वा संस्थाले उपलब्ध गराएको ऋणको व्याजदर उपयुक्त नै रहेको पाइएको थियो ।

## ४.५ नमूना छनोटमा परका सदस्यहरूको आर्थिक अवस्था (Economic condition of Sampled Member)

यस अध्ययनको मुख्य उद्देश्य सहकारीमा संलग्न भएका सदस्यहरूको आर्थिक अवस्थाको विश्लेषण गर्नु हो । सका लागि तिनै सदस्यहरको आम्दानी खर्च र वचतलाई निम्नानुसार देखाइएको छ ।

### ४.५.१ स्रोतको आधारमा वार्षिक आम्दानी (Source Wise Annual Income)

नमूना छनोटमा परेका सदस्यहरूको आम्दानीको प्रमुख स्रोतहरू व्यापार, कृषि, नोकरी, वैदेशिक रोजगारी मजदुरी आदि रहेका छन् । कुन कुन स्रोतबाट कति सङ्ख्यामा सदस्यहरूको आम्दानी प्राप्त गर्दछन् भन्ने कुरालाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

तालिका ४.१७

स्रोतका आधारमा वार्षिक आम्दानी २०७१

| क्र.सं. | विवरण | कुल आम्दानी रु.मा | प्रतिशत | औसत आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कृषि | १०९५११७४.५५ | १९.४० | ४६६००.७४ | १९.४० |
| २ | व्यापार | १५५८७७२२.०० | २७.७१ | ६६३३०.७३ | २७.४१ |
| ३. | वैदेशिक | २०७८८२०६.९८ | ३६.८२ | ८८४६०.४५ | ३६.८२ |

|  | रोजगार |  |  |  |  |
|---|---|---|---|---|---|
| ४. | नोकरी | ७६३८५४०.१० | १३.५३ | ३२५०४.४२ | १३.५३ |
| ५. | अन्य | १७५३०५३.२९ | ३.१० | ७४५९.८० | ३.१० |
| जम्मा |  | ५६४४८६९६.९२ | १०० | २४१३५६.१४ | १०० |

औसत प्रतिसदस्य वार्षिक आम्दानी =२४१३५६.१४

स्रोत : स्थलगत सर्वेक्षण

माथिको तालिका अनुसार कृषिबाट १९.०० प्रतिशत, व्यापार बाट २७.७१ प्रतिशत, वैदेशिक रोजागार बाट ३६.८२ प्रतिशत, नोकरीबाट १३.५३ प्रतिशत र अन्यबाट ३.१० प्रतिशत आम्दानी गरिएको पाइयो ।

### ४.५.२ तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)

नमूना छनोटमा परेका सहकारी सदस्यहरूको आम्दानी विवरणको स्थिति सम्बन्धमा प्रश्नावलीको माध्यमद्वारा अध्ययन गरिएको थियो । सहकारीमा संलगन सदस्यहरूलाई ०-३००००, रु ३००००-५००००, रु ५००००-८००००, रु ८००००-१०००००, रु १०००००-१५००००, रु १५०००० भन्दा बढी

**तालिका ४.१९**
**सदस्यहरूको तहगत आम्दानीको अवस्था-२०७१**

| क.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३०००० | ८ | ३.४० |
| २ | ३००००-५०००० | ५५ | २३.४० |
| ३ | ५००००-८०००० | ९० | ३८.२९ |
| ४ | ८००००-१००००० | ६० | २५.५३ |
| ५ | १००००० भन्दा बढी | २२ | ९.३६ |
| जम्मा |  | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार नमुना छनोटमा परेका सदस्यहरूको वार्षिक आम्दानी गतहगत रूपमा प्रस्तुत गरिएको छ । सहकारीमा संलग्न सदस्यहरूले विभिन्न तहमा वार्षिक

रूपमा आम्दानी गरेको पाइयो । रु ० देखि रु ३०,००० सम्म वार्षिक आम्दानी गर्ने ८ जना रु ३०,०००-५०,००० सम्म वार्षिक आम्दानी गर्ने रु ५५ जना, रु ५०,००० देखि ८०,००० आम्दानी गर्ने ९० जना रु ८०,०००-१,००,००० सम्म आम्दानी गर्ने ६० जना १,००,००० भन्दा माथि आम्दानी गर्ने २२ जना रहेको पाइयो । सबभन्दा बढी वार्षिक आम्दानी ५००००-८०००० सम्म ९० जनाले गरेको पाइयो ।

४.५.३ क्षेत्रगत वार्षिक खर्च (Sector wise Annual Expenditure)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको आफ्नो आम्दानीबाट उपभोग, शिक्षा, स्वास्थ्य, चार्डपर्व र अन्य क्षेत्रमा खर्च गरेको पाइयो । सदस्यहरूलाई वर्षमा कुन कुन क्षेत्रमा कति कति खर्च गर्नुहुन्छ भनि गरिएको अध्ययन अनुसार अध्ययन सर्वेक्षणबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४. २०

क्षेत्रगत वार्षिक खर्च २०७१

| क्र.सं. | विवरण | कुल रकम | प्रतिशत | औसत रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उपभोग | ६५४३२०१ | ३३.१२ | २७८४३.४० | ३३.१२ |
| २. | शिक्षा | ४५११३३७ | २२.८३ | १९१९७.१९ | २२.८३ |
| ३. | स्वास्थ्य | १५६०३८८ | ७८.९ | ६६३९.९४ | ७.८९ |
| ४. | चाडपर्व | ५०४६२०८ | २५.५४ | २१४७३.२२ | २५.५४ |
| ५. | अन्य | २०९४८३६ | १०.६० | ८९१४.१९ | १०.६० |
| | जम्मा | १९७५५९७० | १०० | ८४०६७.९४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ।

माथिको तालिका अनुसार सदस्यहरूको क्षेत्रगत खर्च यसप्रकार रहेको पाईयो । उपभोग खर्च रु. ६५, ४३२०१  वा ३३.१२ प्रशित, शिक्षा क्षेत्रमा रु. ४५११३३७ वा २२.८३ प्रतिशत, स्वास्थ्य रु. १५६०३८८ वा ७.८९ प्रतिशत, चाड पर्वमा ५०४६२०८ वा २५.५४ प्रशित र अन्यमा २०४६८३६ वा १०.६० प्रतिशत रहेको पाइयो ।

**४.५.४ तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure)**

नमूना छनोटमा परको सहकारीमा संलग्न सदस्यहरूले विभिन्न तहमा खर्च गर्ने गरेको पाइयो । सदस्यहरूमध्ये आम्दानी कम हुनेले केही कम र आम्दानी बढी हुनेले केही बढी खर्च गर्ने गरेको पाइयो । छनोटमा परेका सदस्यहरूले गरेको वार्षिक तहगत खर्चलाई

० देखि ३०,००० सम्म रु ३०,००० देखि रु ५०,००० सम्म रु ५०,००० देखि ८०,००० सम्म रु ८०,००० देखि १,००,००० सम्म रु १,००,००० भन्दा माथि विभाजन अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दा विभिन्न तहमा खर्च गर्ने सदस्यहरूको वार्षिक तहगत खर्च तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**तहगत वार्षिक खर्च-२०७१**

| क.सं. | वार्षिक खर्च | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३०००० | १५ | ६.३८ |
| २ | ३००००-५०००० | ३२ | १३.६१ |
| ३ | ५००००-८०००० | ७५ | ३१.९१ |
| ४ | ८००००-१००००० | ६० | २५.५३ |
| ५ | १००००० भन्दा बढी | ५३ | २२.५५ |
| जम्मा | | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिवर्ग तालिका अनुसार नमूना छनोटमा परेका सहकारीको सदस्यहरूले वार्षिक रूपमा रु ३००० सम्म खर्च गर्ने १५ जना, रु ३०,००० देखि ५०,००० सम्म खर्च गर्ने ३२ जना रु ५०,००० देखि ८०,००० सम्म खर्च गर्ने ७५ जना, रु ८०,००० देखि १,००,००० सम्म खर्च गर्ने ६० जना रु १,००,००० भन्दा बढी खर्च गर्ने ५३ जना रहेको पाइयो । वार्षिक रूपमा सबभन्दा बढी रु ५०,००० देखि १,००,००० सम्म खर्च गर्ने ३१.९१ प्रतिशत रहेको पाइयो ।

### ४.५.५ वार्षिक वचतको अवस्था (Details of Annual Saving)

सहकारीमा संलग्न नमुना छनोटमा परेका सदस्यहरूले विभिन्न स्रोताट गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी वचत गर्ने गरेको पाइयो । छनोटमा परेको २३५ जना सदस्यहरूले वार्षिक रूपमा गरेको जम्मा आम्दानीबाट खर्च कटाएर वार्षिक रूपमा गरेको वचतलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.२२

सदस्यहरूको वार्षिक वचतको अवस्था २०७०

| क्र.सं. | जम्मा वार्षिक आम्दानी (रु.मा) | जम्मा वार्षिक खर्च ( रु.मा) | जम्मा वार्षिक वचत (रु.मा) |
|---|---|---|---|
| १. | ५६४४८६९६.९२ | १९७५५९७० | ३६६९२७२६.९२ |

प्रतिसदस्य वार्षिक वचत = १५६१३९.२७

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका ४.२२ अनुसार छनोटमा परेका २३५ जना सदस्यहरूले विभिन्न स्रोतबाट प्राप्त गरेको जम्मा वार्षिक आम्दानी रु. ५६४४८६९६.९२ बाट जम्मा वार्षिक खर्च रु. १९७५५९७० कटाएर जम्मा वार्षिक वचट रु. ३६६९२७२६.९२ गरेको पाइयो भने प्रति सदस्य वार्षिक वचत रु. १५६१३९.२७ वचत गर्ने गरेको पाइएको छ ।

### ४.७.६ तहगत वार्षिक वचत (Levelwise Annual Saving)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले आफूले विभिन्न स्रोतहरूबाट प्राप्त गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी वचत गरेको पाइयो । अध्ययन सर्वेक्षणको समयमा प्राप्त वार्षिक वचतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**सदस्यहरूको वार्षिक वचतको अवस्था-२०७१**

| क्र.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२०००० | १२ | ५.१० |
| २ | २००००-४०००० | ३५ | १४.८९ |
| ३ | ४००००-६०००० | ९५ | ४०.४२ |
| ४ | ६००००-८०००० | ४५ | १९.१४ |
| ५ | ८००००-१००००० | ३० | १२.७६ |
| | १००००० भन्दा माथि | १८ | ७.६५ |

| | | |
|---|---|---|
| जम्मा | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१८ अनुसार सहकारीमा संलग्न नमूना छनोटमा परेका सदस्यहरूको आफ्नो आम्दानीबाट खर्च कटाएर वचतको अवस्थार्लाा सङ्ख्यात्मक रूपमा देखाइएको छ । छनोटमा परेका सदस्यहरू मध्ये वार्षिक रु २०,००० सम्म वचत गर्ने १२ जना, रु २०,००० देखि ४०,००० सम्म वचत गर्ने १८ जना रु ४०,००० देखि ६०,००० सम्म वचत गर्ने ९५ जना, रु ६०,००० देखि ८०,००० सम्म वचत गर्ने ३५ जना, रु ८०,००० देखि १०,००० सम्म वचत गर्ने ३० जना, रु १,००,००० भन्दा बढी वचत गर्ने १८ जना रहेको पाइयो । यसरी तालिका अनुसार सबैभन्दा बढी वार्षिक वचत गर्ने रु ४०,००० देखि ६०,००० हजारसम्म ४० प्रतिशतले वचत गरेको पाइयो ।

## ४.६ नमूना छनोटमा परेका सदस्यहरूमध्ये पारिवारिक शैक्षिक अवस्था (Educational Status of Sampled Member)

सहकारीमा संलग्न भएका सदस्यहरूको शैक्षिक अवस्था उनीहरूको पारिवारिक शैक्षिक अवस्था, उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्था, उनहरूको पढ्ने विद्यालय (नीजि र सरकारी) को बारेमा अध्ययन गरिएको थियो । जसलाई छुट्टछुट्टै शीर्षकमा देखाइएको छ ।

### ४.६.१ सदस्यहरको शैक्षिक अवस्था (Educatonal Status of Membres)

नमूना छनोटमा परेका सदस्यहरूको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरताको आधारमा अध्ययन सर्वेक्षण गरिएका थियो । निरक्षरका साधारण पढ्न लेख्न नसक्ने, साक्षर भन्नलो औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरू वा सामान्य रूपमा पढ्न लेख्न सक्ने भएकालाई राखिएको थियो । जसलाई निम्न तालिकममा देखाइएको छ ।

**तालिकामा ४.१९**

**उत्तरदाताको शैक्षिक अवस्था - २०७१**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षण | ३५ | १४.८९ |

| | | | |
|---|---|---|---|
| २ | साक्षर | २०० | ८५.१० |
| जम्मा | | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार मूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको अध्ययन सर्वेक्षणको समयमा शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा देखाइएको छ । जसमा निरक्षर १४.८९ प्रतिशत र साक्षरता ८५.१० प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा शिक्षामा पहुँच पुगेको देखिन्छ ।

### ४.६.२ सदस्यहरूको तहगत शैक्षिक अवस्था (Levelwise Education Status of Members)

नमूना छनोटमा परेका सदस्यहरूको वर्तमान शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., मा.वि. उच्च तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । छनोटमा परेका सदस्यहरूको शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको २३५जना सदस्यहरको साक्षरता र निरक्षरता विभाजन गरी साक्षरताको पनि विभिन्न तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरूको शैक्षिक अवस्थालाई तहगत रूपमा निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**उत्तरदाताहरूको तहगत शैक्षिक अवस्था-२०७१**

| क.सं. | शैक्षिक तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ३५ | १४.८९ |
| २ | साक्षर | ४५ | १९.१४ |
| ३ | प्रा.वि | ६५ | २७.६५ |
| ४ | मा.वि. | ६० | २५.५३ |
| ५ | उच्च मा.वि. | ३० | १२.७६ |
| जम्मा | | २३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार छनोटमा परका सहकारीमा संलग्न भएका सदस्यहरूको शैक्षिक अवस्था देखाइएको छ । जस अनुसार निरक्षर ३५ जना, साधारण लेखपद गर्न सक्ने साक्षर ४५ जना, प्राथमिक तह उत्तर्णि गरेका २४ जना माध्यमिक तह उत्तीर्ण गरेका ६० जना र उच्च शिक्षा हासिल गरेका ३० जना रहेको पाइयो । प्राथामिक तह उत्तीर्ण गरेको सबै भन्दा बढी २७.६५. प्रतिशत र सबैभन्दा कम निरक्षर १४.८९ प्रतिशत रहेको पाइयो ।

### ४.६.३ नमूना छनोटमा परेका सदस्यहरको बालबालिकाह्रुको उमेरगत विवरण (Agewise Distributon of Children's of Sampled Members)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको बालबालिकाहरू जम्मा ४८० जना भएको पाइयो। विभिन्न उमेर समूहमा रहेको पाइयो। सहकारीमा संलग्न सदस्यहरूले बालबालिकाहरूलाई ५ वर्ष भन्दा कम, ५ देखि १०, १० देखि १५ वर्ष, १५ वर्ष देखि २० वर्ष, २० वर्ष देखि २५ वर्ष र २५ वर्ष भन्दा माथिको उमेर समूहमा विभाजन गरी उमेरगत विगवरण संकलन गरिएको थियो। अध्ययन सर्वेक्षण गर्दाको समयमा २३५ जना सदस्यहरूको बालबालिकाको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ।

**तालिका ४.२१**

**बालबालिकाहरूको उमेरगत विवरण-२०७१**

| क.सं. | उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ६० | १२.५ |
| २ | ५-१० | ९० | १८.७५ |
| ३ | १०-१५ | १२० | २५ |
| ४ | १५-२० | १३५ | २८.१२ |
| ५ | २०-२५ | ४० | ८.३३ |
| ६ | २५ भन्दा माथि | ३५ | ७.२९ |
| जम्मा | | ४८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.२१ अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू २३५ को ४८० जना बालबालिकाहरू विभिन्न उमेर समूह रहेको पाइयो। जसमा ५ वर्ष भन्दा कम उमेरका ६० जना, ५ देखि १० वर्ष उमेर समूहका ९० जना, १० वर्ष देखि १५ वर्ष उमेर समूहका १२० जना बालबालिकाहरू रहेको थियो। जसमध्ये सबैभन्दा बढी १५ वर्ष देखि २० वर्ष उमेर समूहमा २८.१२ प्रतिशत र सबैभन्दा कम २५ वर्षभन्दा बढीमा ७.२९ प्रतिशत रहेको पाइयो।

### ४.८.४ बालबालिकाहरू पढ्ने शैक्षिक संस्था सम्बन्धी विवरण (Details of Educatonal Institution Studying Children)

अध्ययन क्षेत्रमा रहेको नमूना छनोटमा परेको सदस्यहरूको बालबालिकाहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेको शैक्षिक संस्था सम्बन्धी गरिएको अध्ययन सरकारी र निजी गरी छुट्याइएको थियो । यस अध्ययनमा ५ वर्ष भन्दा कम उमेर समूहका बालबीलकाहरू विदालय नजाने उमेर समूह भएकाले २० जना बालबालिकालाई विद्यालय नजाने उमेर समूहमा रहेका छन् । विद्यालय जाने उमेर समूहमा पर्ने ४८० जना बालबालिकाहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा शैक्षिक संस्था सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२२**

**शैक्षिक संस्था सम्बन्धी विवरण-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी विद्यालय जाने | २४५ | ५१.०४ |
| २ | नीजि विद्यालय जाने | २३५ | ४८.९५ |
| | जम्मा | ४८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.२२ अनुसार छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूका बालबालिकाहरू पढ्ने शैक्षिक संस्थ सम्बन्धी विवरण देखाइएको छ । जसमा सरकारी विद्यालय जाने २४५ जना र नीजि विद्यालय जाने २३५ जना बालबालिका रहेको पाइयो । ग्रामिण क्षेत्र भएको र नीजि विद्यालय बढी खर्चिलो भएको कारणले सकारी विद्यालय जाने सङ्ख्या बढी रहेको देखिएको छ ।

### ४.८.५ बालबालिकाको तहगत शैक्षिक विवरण (Levelwise Educational Details of Children)

अध्ययन क्षेत्रमा नमूना छनोटमा परका सदस्यहरको विद्यालय जाने उमेर समूहका ४८० जना बालबालिकाहरू मध्ये प्रा.वि. तहदेखि उच्च शिक्षासम्म अध्ययन सर्वेक्षणका

समयमा पढ्दै गरेका बालबालिकाहरूको तहगत शैक्षिक विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**बालबालिकाहरूको तहगत शैक्षिक विवरण-२०७१**

| क.सं. | विवरण | बालबालिका सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्राथमिक विद्यालय | १०० | २०.८३ |
| २ | निम्न माध्यमिक विद्यालय | २०० | ४१.६६ |
| ३ | माध्यमिक विद्यालय | १०० | २०.३ |
| ४ | उच्च माध्यमिक विद्यालय | ७० | १४.५८ |
| ५ | उच्च शिक्षा | १० | २.०८ |
| जम्मा | | ४८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.२३ अनुसार सहकारमि संलगन भएका सदस्यहरको बालबालिकाहरू प्रा.वि. मा १०० जना, नि.मा.वि. मा २० जना, मा.वि. तहमा १०० जना उच्च मा.वि. मा ७० जना र उच्च शिक्षामा १० जना पढ्दै गरेको ४८० मात्र समावेश गरिएको छ ।

## ४.८ नेपाल बहुउद्देश्य सहकारी संस्थाले समलग्न सदस्यहरू माथि बाठेको प्रभाव

### ४.८.१ आर्थिक प्रभाव

नेपाल बहुउद्देश्य सहकारी संस्थाले स्थानीय उपभोक्ताहरूको आर्थिक क्षेत्रमा एकदमै सकारात्मक प्रभाव पारेको छ । पहिले त्यहाँका जनताहरू निवाहिमुखी रूपमा खेती गर्ने भने अहिले सहकारीबाट कृषि ऋण लिई व्यवसायी तरिकाले खेत ीगर्न थालेका छन् । महिलाहरू घरको काममा मात्र सिमित हुन्थे भने अहिले सानो खाले व्यापार व्यवसाय पनि गनृ थालेका छन् । आम्दानीलाई उपभोगमा मात्र खर्च गर्ने गर्थे तर अहिले आफ्नो आफ्नीको केही भाग वचत गरि राख्ने गर्छन् । जसले गर्दा अहिले प्रति सदस्य वार्षिक वचत रु. १५६१ ३९.२७ रहेको पाइयो ।

४.८.२ शैक्षिक प्रभाव

सहकारीमा आवद्ध हुनु अगाडि सदस्यका बाबलबालिकाहरूको शैक्षिक स्तर न्यून थियो प्रायजसो मा.वि. स्तर सम्म मात्र बढाउने गर्‍थ्यो । किकी उच्च शिक्षा हासिल गर्नका लागि धेरै खर्च पर्ने भएकाले मा.वि. पास गरेपछि बालबालिकाहरूलाई आर्थिक उपार्जन हुने काममा लगाइन्थ्यो तर अहिले सहकारीमा आबद्ध भएपछि शैक्षिक ऋण लिई २०८ प्रतिशत बालवर्गकाले उच्च शिक्षा हासिल गरेको पाइयो जुन पहिलेको सन्दर्भमा राम्रो प्रभाव परेको मान्न सकिन्छ ।

४.८.३. ऋण र ऋण प्रक्रिया सम्बन्धी प्रभाव

सहकारीमा संलग्न हुनुअघि उपभोक्ताहरू चर्को व्याजमा स्थानीय साहु/महाजन वा इष्टमित्रसँग लिने चलन थियो । ऋण तिर्न नसकी कतिपय मानिसहरू त्यसठाउँबाट पलायन नै हुने गर्थे । तर सहकारी संस्था सँग जोडेपछि ३८.२९ प्रतिशत सदस्यहरू सहकारीबाट ऋण लिने गरेका छन् । लिएको ऋणलाई उत्पादन मुलक क्षेत्रमा लगानी गरि आफ्नो आम्दानी बढाई आत्मनिर्भर समेत भएका छन् ।

## ४.९ नेपाल बहुउद्देश्य सहकारी संस्थाको उपलब्धि (Achievement of Nepal Multi-objective Co-operative)

नेपालको अन्तरिम संविधान २०६३ ले अर्थतन्त्रको विकासमा सरकारी, सहकारी र निजी क्षेत्रका महत्वपूर्ण भूमिकलााई स्वीकार गर्दै सहकारीलाई अर्थतन्त्रको एउटा खम्वाको रूपमा स्वीकार गरेको छ । अहिले गाउँ गाउँमा सहकारी संस्थाको स्थापना तिव्र रूपमा भइरहेको पाइनछ । जसले ग्रामिण क्षेत्रमा आधुनिकीकरण कार्यमा सहकारीको महत्वपूर्ण भूमिका देखिन्छ । यस अध्ययनबाट प्राप्त उपलब्धिहरू निम्न लिखित छन् ।

### १) संगठनात्मक र सामूहिक भावनाको विकास

यस सहकारी संस्थामा संलग्न सदस्यह्रु एक आपसमा छलफल, सल्लाह, सुझाव, विचारको आदानप्रदानद्वारा संस्थाको क्रियाकलापमा संलग्न हुने र सामूहिक भावनाको विकास भएको पाइयो । प्रत्येक ऋण सदस्यहरूमा समूहमा निर्णय गर्ने प्रकृया र तरिका सम्बन्धी राम्रो ज्ञान भएको पाइयो । यस्तो धारण राख्नेहरू ८६ प्रतिशत रहेको पाइयो ।

## २) नेतृत्व गर्न सक्ने क्षमताको विकास

यस संस्थामा संलग्न हुनु अघि आफ्नो व्यक्तिगत समस्याबारे बताउन नसक्ने व्यक्तिहरू यस संस्थामा संलग्न भइसकेपछि उनीहरू समाजको समस्याबारे छलफल र निर्णय गर्न सक्ने, आफ्नो हक र अधिकार प्रति सचेत भएको र सामाजिक कृ(याकलापमा सक्रिय भई नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने भएको पाइयो ।

## ३) पारिवारिक खर्चको भूमिका वृद्धि

सहकारीमा संलगन भएपछि सहकारीबाट सरल व्याजदरमा ऋण प्राप्त गरेकाले त्यसबाट गरिएको लगानीबाट आम्दानि बढेको पाइयो । यस आम्दानीबाट परिवारको खर्चमा घेरै मात्रामा योगदान पुगेको थियो ।

## ४) बचत गर्ने बानीको विकास

यस संस्थामा संलगन हुनु पूर्व प्राप्त आयलाई खर्च गरी वचत नगर्ने वानी भएको पाइयो । सहकारीमा संलगन भएपछि सदस्यहरूमा वचत गर्ने क्षमतामा वृद्धि हुने गर्छ । सदस्यहरूले वचत गर्ने वानीको विकास भएको पाइयो । सहकारीबाट प्राप्त ऋण लगानीलाई विभिन्न व्यवसायिक क्षेत्रमा लगानी गरी आम्दानीमा वृद्धि हुन गई जम्मा आम्दानीको केही भाग बचत गर्ने वानीको विकास भएको पाइयो ।

## ५) आत्म विश्वासमा वृद्धि

कुनै पनि रोजगार नपाएर बसेका कतिपय सदस्यहरू आफ्नो जीवनको केही गर्न नसकिने रहेछ भनेर दिक्क भएको बेला यस संस्थामा संलग्न भएपछि संस्थाबाट पाएको ऋण सुविधाले गर्दा विभिन्न व्यवसाय, खेती, उद्यम गर्ने अवसर, पाएकाले सदस्यहरूमा केही गर्न सकिन्छ भन्ने आत्मविश्वास बढेको पाइयो ।

यस संस्थामा संलग्न भएपछि ८५ प्रतिशत सदस्यहरूको आर्थिक स्थितिमा सकारात्मक परिवर्तन आएको पाइयो । साथै ९० प्रतिशत सदस्यहरूलाई यस सहकारी संस्थाबाट सामाजिक आर्थिक र शैक्षिक क्षेत्रमा सुधारमा सहयोग भएको पाइयो ।

## ४.१० नेपाल बहुउद्देश्य सहकारी संस्थाको समस्याहरूको विश्लेषण (Analysis of Problem of NMC)

यस सहकारी संस्थाका सम्पूर्ण सदस्यहरूले चाहेको समयमा ऋण प्रदान गर्नको लागि आफ्नो पूँजी प्रयाप्त नभएकोले गर्दा सदस्यहरूले चाहेको समयमा ऋण सहयोग उपलब्ध गर्न सदस्यहरूले चाहेको समयमा ऋण सहयोग उपलब्ध गराउन नसकेका कुरा सहकारीको संयोजकबाट थाहा पाइयो । यसले गर्दा सहकारीमा संलग्न सदस्यहरूलाई आफ्नो इच्छा अनुसारको कार्य गर्न गाह्रो भएको पाइयो ।

### १) ऋण सम्बन्धी समस्या

यस सहकारी संस्थाका सम्पूर्ण सदस्यहरूले चाहेको समयमा ऋण प्रदान गर्नको लागि आफ्नो पूँजी प्रयाप्त नभएकाले गर्दा सदस्यहरूले चाहेको समयमा ऋण सहयोग उपलब्ध गराउन नसकेका कुरा सहकारीको संयोजक थाहा पाइयो । यसले गर्दा सहकारमि संलग्न सदस्यहरूलाई आफ्नो इच्छा अनुसारको कार्य गर्न गाह्रो भएको पाइयो ।

### २) ऋणको दुरूपयोग सम्बन्धी समस्या

ऋणको दुरूपयोग भन्नाले संस्थाको सदस्यले ऋण लिएको हो सोही कार्यमा प्रयोजन नगरी अन्यन्त्र खर्च गर्नु नै ऋणको दुरूपयोग हो । यदि ऋण लिएर सदुपयोग गर्न सकिएन भने उत्पादनमा आशा गरेजति प्राप्त गर्न सकिदैन । जसले गर्दा ऋण भुक्तान गर्न गाह्रो हुन्छ । नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारीबाट प्राप्त ऋण उद्देश्य अनुसार नै खर्च गर्ने ७८ प्रतिशत र उद्देश्य अनुसार नगर्ने २२ प्रतिशत रहेको पाइयो ।

### ३) ऋण भुक्तानी सम्बन्धी समस्या

यस सहकारी संस्थाबाट सदस्यहरूको निश्चित भाखामा ऋण तिर्ने शत गरी ऋण लिएको हुन्छ । संस्थाबाट लिएका ऋण समयमा भुक्तानी गर्नु भएको छ । भनी सोधिएको प्रश्नमा ८४ प्रतशितले गरेको छु भन्ने धारणा राखेको पाइयो भने बाँकी १६ प्रतिशतले भुक्तानी गरेका छैन भन्ने धारणा राखेको पाइयो । भुक्तानी गर्नु भएको छैन भने किन नगर्नु भएको ? भनी गरिएको प्रश्नमा ५८ प्रतिशतले व्यवसाय राम्रो सँग नचलेको १६ प्रतिशतले

उत्पादन प्रतिकल राम्रो नआएकोले र बाँकी २४ प्रतिशतले अन्य विविध कारणले गरेको भन्ने धारणा राखेको पाइयो ।

### ४)    निरीक्षण र अनुगमन सम्बन्धी समस्या

कुनै पनि कार्यक्रमको समय समयमा निरिक्षण तथा अनुगमन गर्न आवश्यक हुन्छ । निरिक्षण विना असल र खराब पक्षहरूको मूल्याङ्कन गर्न सकिदैन । नमूना छनोटमा परेका व्यापारी सदस्यहरूलाई तपाईले लिएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायबाट निरिक्षण वा अनुगमन हुन्छ ? भनी सोधिएका प्रश्नमा ६५ प्रतिशतले हुँदैन भन्ने धारणा राखेको पाइयो भने ३५ प्रतिशतले हुन्छ भन्ने धारणा राखेको पाइयो । यस कार्यक्रमको निरिक्षण र अनुगमन प्रभावकारी नभएकाले यो एउटा समस्याको रूपमा रहेको पाइयो ।

# अध्याय पाँच (Chapter Five)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendations)

### ५.१ निष्कर्ष (Conclusion)

झापा जिल्ला वालुवाडी गा.वि.स. वाड नं. ८ मा अवस्थिति नेपाल बहुउद्देश्य सहकारी संस्थाको अध्ययनबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ ।

१. यस सहकारी संस्थाको प्रमुख उद्देश्य सदस्यहरूको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमताको विकास तथा सदस्य समुदायको सामाजिक विकास गर्न गरेको पाइयो ।

२. यस सहकारीको आ.व. २०६९/०७० मा कुल पूँजीगत दायित्व ११६९४६७१५.४५ र आ.व. २०७०/०७१ मा कुल पूँजीगत दायित्व रु १४९८५०३४०.३९ रहेको पाइयो भने औसत कुल पूँजगत दायित्व रु १३२७८०५४७.९२ रहेको पाइयो ।

३. यस सहकारीको आ.व. २०६९/०७० मा कुल पूँजीगत दायित्व ११६९४६७१५.४५ र आ.व. २०७०/०७१ मा कुल नगद सम्पत्ति १४९८५०३४०.३९ रहेको पाइया ।

४. यस सहकारी संस्थाले आ.व. २०६९/०७० मा कुल लगानी रु ५७६१८२७६ र आ.व. २०७०/०७१ मा रु ६९९७८६८८ रहेको पाइयो । आ.व. २०६९/०७० मा सबैभन्दा बढी लगानी व्यापारमा ७५.५८ प्रतिशत र सबैभन्दा कम भवन निर्माणमा ३.८१ प्रतिशत लगानी गरेको पाइयो । आ.व. २०६९/०७० मा सबैभन्दा बढी लगानी व्यापारमा नै ६८.४१ प्रतिशत पाइयो भने सबैभन्दा कम लगानी विपन्न वर्गमा लगानी ०.५१ प्रतिशत गरिएको छ ।

५. यस सहकारीद्वारा प्रदान गरिने ऋण भुक्तानी कम्तिमा १ महिना र बढीमा १ वर्ष भित्रमा गर्नुपर्ने रहेको पाइयो र समयमा सावा व्याज चुक्त नगरेमा पहिलो महिलनामा १ प्रतिशतले थप गरी असल गर्ने छैटो महिनादेखि ३० प्रतिशतले र १ वर्षभन्दा बढी भएमा १०० प्रतिशतले जरिवाना स्वरूप लिने व्यवस्था रहेको पाइयो ।

६. यस सहकारीमा आ.व. २०६९/०७० मा सहकारीको कुल वचत ३६६९५९२१.९० रहेको पाइयो भने आ.व. २०७०/०७१ को कुल वचत रु ५९६६४००७.१० रहेको पाइयो भने औसत वचत रु ५०४५७१५९.७९५ रहेको पाइयो ।

७. यस सहकारीको आ.व. २०६९/०७० मा कुल आम्दानी रु ६७७७४५८.४५ मा कुल खर्च रु २६२४६८४.४७ र कुल वचत रु ४१५२७७३.९८ भएको पाइयो र आ.व.

२०७०/०७१ मा कुल आम्दानी रु १००९६९४७ मा कुल खर्च रु ४२२५७७४.५५ र कुल वचत रु ५८७११७२.४५ भएको पाइयो ।

८. सहकारीममा संलग्न सदस्यहरू मध्ये ३८ प्रतिशतले सहकारीबाट, ३४ प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट, १४ प्रतिशतले साहुमहाजनबाट १२ प्रतिशतले अन्य ( इष्टमित्रबाट) ऋण लिइएको पाइयो ।

९. नमुना छनोटमा परेका सदस्यहरूको तहगत वार्षिक आम्दानी ०-३०,०० सम्म वार्षिक आम्दानी गर्ने ३.४० प्रतिशत रु. ३०, ००-५०,०० सम्म वार्षिक आम्दानी गर्ने २३.४० प्रतिशत, रु. ५०,०० देखि ८०,००० सम्म वार्षिक आम्दानी गर्ने ३८.२९ प्रतिशत, रु. ८०,०००-१,००,००० सम्म वार्षिक आम्दानी गर्ने २५.५३ प्रतिशत रु. १,००,०० भन्दा माथि आम्दानी गर्ने २५ प्रतिशत रहेको पाइयो ।

१०. नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक खर्च सबैभन्दा बढी रु ५०,००० देखि ८०,००० सम्म खर्च गर्ने समूहमा ३१ प्रतिशत र ३०,००० सम्म खर्च गर्ने १५ प्रतिशत रहेको पाइयो ।

११. नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक वचत सबैभन्दा बढी रु ४०,००० देखि ६०,००० वचत गर्ने समूहमा ४०.४२ प्रतिशत र सबैभन्दा कम रु २०,००० भन्दा कम गर्ने ५.१० प्रतिशत रहेको पाइयो ।

१२. नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू ८५.१० प्रतिशत साक्षर र १४.८९ प्रतिशत निरक्षर रहेको पाइयो ।

१३. नमूना छनोटमा परेका सहकारमिा संलग्न सदस्यहरूको बालबालिकाहरू मध्ये १५ देखि २० वर्ष उमर समूहका सबै भन्दा बढी २८.१२ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २५ वर्ष भन्दा बढी ७.२९ प्रतिशत रहेको पाइयो ।

१४. सहकारमिा संलग्न सदस्यहरूका विद्यालय जाने उमेर समूहमा ४८० जना बालबालिकाहरू मध्ये ५१.०४ प्रतिशत सरकारी विद्यालयमा र ४८.९५ प्रतिशत निजी विद्यालयमा जाने बालबालिकाहरू रहेका पाइयो ।

१५. सहकारीमा संलग्न सदस्यहरूका बालबालिकाहरू मध्ये २०.८२ प्रतिशत प्रा.वि. तहमा, ४१.६६ प्रतिशत नि.मा.वि. तहमा, २०.८३ प्रतिशत मा.वि. तहमा, १४.५८ प्रतिशत उ.मा.वि. तहमा र २.८ प्रतिशत उच्च शिक्षामा अध्ययन गर्दै गरेको पाइयो ।

१६. सहकारीमा संलग्न सदस्यहरूले सहकारीमा संलग्न भएर संगठनात्मक र सामुहिक भावनाको विकास, नेतृत्व गर्ने सक्ने क्षमताको विकास, पारिवारिक आम्दानी र खर्चमा वृद्धि, वचत गर्ने, वानीको विकास विकास र आत्मविश्वासमा वृद्धि जस्ता उपलब्धीहरू प्राप्त गरेको पाइयो ।

१७. यस सहकारीले ऋण लगानीमा शैक्षिक तर्फ १२ प्रतिशतत, कृषि, उद्योग र व्यापार तर्फ १३.५ प्रतिशत, आकाश/जिल्ला/घर निर्माण तर्फ १३.५ प्रतिशत, सामाजिक क्षेत्रमा १२ प्रतिशत, अल्पकालिन तर्फ १३ प्रतिशत, आवधिक निक्षेप धितोमा १३.५ प्रतिशत, हायर पर्चेजमा (सवारी साधन) मा १३.५ प्रतिशत र अन्यमा प्रयोजनामा १४.५ प्रतिशतले व्याजदर निर्धारण गरेको पाइयो ।

१८. यस सहकारीले ऋण दिने समयावधि कम्तिमा १ महिनादेखि बढीमा १ वर्ष सम्मको रहेको पाइयो ।

१९. यस सहकारीले आ.व. २०६९/०७० मा ६७७७४८.४५ वार्षिक जम्मा आम्दानी गरेको पाइयो भने आ.व. २०७०/०७१ मा कुल वार्षिक आम्दानी रु १००९६९४७ रहेको पाइयो ।

२०. यस सहकारीमा सदस्यहरूले जम्मा गरेको निक्षेपमा नियमित वचत तर्फ ८ प्रतिशत, ऐच्छिक तर्फ ९ प्रतिशत, आवधिक (१-२ वर्ष) मा ११ प्रतिशत, आवधिक ( ३-४ वर्ष) मा १२ प्रतिशत र आवधिक ५ वर्षमा १३ प्रतिशत व्याज दिने गरेको पाइयो ।

## ५.१ सुझावहरू (Recommendation)

१. यस सहकारीले कृषि/उद्योग/व्यापारमा १३.५ प्रतिशत व्याजमा ऋण दिने गरेको पाइयो । यस व्याजदरलाई १२ प्रतिशत कायम गरी कृषि कार्य, व्यापार व्यवसाय गर्न अप्रेरणा जगाउन पर्दछ ।

२. यस सहकारी संस्थाले गरेको कुल ऋण लगानी आ.व. २०७०/०७१ मा रु ६९९७८६८८ रहेको पाइयो । यो ऋण लगानी सदस्यहरूको मागको तलनामा कम भएकोले सदस्यहरूको मागलाई पुरा गर्न साना कृषकहरू सँग रहेका वचत रकमलाई संकलित गर्दै जानुपर्ने देखिन्छ ।

३. यस सहकारीमा सदस्यहरूको वचत खातामा आ.व. २०७०/०७१ मा जम्मा वचत रु ११९२७४२० रहेको पाइयो । वचत रकमलाई वृद्धि गर्न सहकारीले दिने वचतको व्याजदरमा वृद्धि गरी वचत गर्न प्रोत्साहिन गर्नुपर्दछ ।

४. ऋण लिने सदस्यहरूले उद्देश्य अनुसार कार्य गर नगरेको वर्षमा कम्तिमा २/३ पटक अनुगमन तथा निरीक्षण गरिनु पर्दछ ।

५. यस संस्थाले ऋण उपलब्ध गराउन गाह्रो परेको हुनाले अन्य स्रोत बढाएर र अन्तरिक स्रोतको वृद्धि गरी पूँजी वृद्धिको लागि सेवामा विविधिकरण गर्नुपर्दछ ।

६. नमूना परेका सदस्यहरूमध्ये १४.८९ प्रतिशत निरक्षरहरूलाई साक्षर बनाउन नेपाल सरकारले प्रौढ शिक्षामा प्रभावकारिता ल्याउनु पर्दछ ।

# सन्दर्भसूची (References)

अधिकारी, विष्णुप्रसाद (२०६७) । सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव : एक अध्ययन (अप्रकाशित शोधपत्र) अर्थशास्त्र शिक्षा विभाग : शिक्षाशासत्र संकाय केन्द्रीय विभाग, कीतिपुर ।

अर्थ मन्त्रालय, (२०६९) । आर्थिक सर्वेक्षण (२०६८/०६९) काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार ।

के.सि., कल्पना (२०६८) । महिला सशक्तिकरणमा वचत तथा ऋण सहकारी संस्थाको भूमिका, (अप्रकाशित शोधपत्र) अर्थशास्त्र शिक्षा विभाग : शिक्षाशासत्र संकाय केन्द्रीय विभाग, कीतिपुर ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८) । नेपालमा साना किसान विकास कार्यक्रम, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।

कृषि सञ्चार महाशाखा (२०५६) । कृषि समूह गठन तथा सञ्चालन पद्धति, काठमाडौं : कृषि सञ्चार महाशाखा, कृषि मन्त्रालय, नेपाल सरकार ।

कोइराला, पदमा (२०६६) । सहकारी संस्था : राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासको अपरिहकार्यता, (अप्रकाशित शोधपत्र) अर्थशास्त्र शिक्षा विभाग : शिक्षाशासत्र संकाय केन्द्रीय विभाग, कीतिपुर ।

कृषि विकास बैंक (२०५६) । कृषि विकास बैंक कुशल नीति, काठमाडौं : कृषि विकास बैंक नेपाल ।

कृषि तथा सहकारी नीति शाखा (२०६५) । कृषि सम्बन्धी नीति ऐन नियम र आदेशहरूको संगालो, काठमाडौं : कृषि तथा सहकारी मन्त्रालय, योजना महाशाखा, नेपाल सरकार ।

कृषि परियोजना (२०५५) । विकासको सामाजिक पक्ष, पोखरा : कृषि सेवा केन्द्र, नेपाल सरकार ।

खतिवडा, युवराज (२०६६) । वचत तथा ऋण सहकारी स्थिति । वचत तथा ऋण सहकारी गतिविधिमा, काठमाडौं : नेपाल बचत तथा ऋण केन्द्रीय संघ ।

खनाल, पेशल (२०६७) । शैक्षिक अनुसन्धान पद्धति : काठमाडौं : सनलाइट पब्लिकेशन ।

गाउँ विकास समिति (२०७०) । प्रोफाइल, वालुवाडी गा.वि.स. को कार्यालय, वालुवाडी ।

जिल्ला विकास समिति (२०७०) । झापा, जिल्ला विकास समितिको कार्यालय, झापा ।

दाहाल, होमनाथ (२०६६) । वचत तथा ऋण सहकारी गतिविधि, सहकारी स्मारिका, काठमाडौं : नेपाल वचत तथा ऋण सहकारी केन्द्रीय संघ ।

पौड्याल, मुक्तिनाथ (२०६०) । नेपालको ग्रामिण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्था एक अध्ययन (अप्रकाशित शोधपत्र), समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

पौड्याल, उमाकान्त (२०६६) । सहकारी संस्थाले कृषि क्षेत्रमा गरेको लगानी एक अध्ययन : चितवन जिल्ला (अप्रकाशित शोधपत्र) अर्थशास्त्र शिक्षा विभाग : शिक्षाशासत्र संकाय केन्द्रीय विभाग, कीतिपुर ।

बास्कोटा, डी. (२०५५) । सहकारी आन्दोलन एक अवलोकन, काठमाडौं : कृषि सञ्चार महाशाखा कृषि तथा सहकारी मन्त्रालय, नेपाल सरकार ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६६) । सहकारी संवाद (वार्षिक अंक), ललितपुर, राष्ट्रिय सहकारी विकास बोर्ड ।

राष्ट्रिय योजना आयोग (२०६८) । त्रिवर्षिय योजनाको आधारपत्र (२०६७/०६८-२०६९/०७०) । काठमाडौं : राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय योजना आयोग (२०६८) । बाह्रौ त्रिवर्षिय योजना (२०६७/०६८-२०६९/०७०) । काठमाडौं : राष्ट्रिय योजना आयोग ।

राई, रन्जना (२०७०) । सहकारी संस्थाले आर्थिक तथा शैक्षिक प्रभावको विश्लेषण, बेलटार गा.वि.स. उदयपुर : एक अध्ययन (अप्रकाशित शोधपत्र) अर्थशास्त्र शिक्षा विभाग : शिक्षाशासत्र संकाय केन्द्रीय विभाग, कीतिपुर ।

शर्मा, खगराज (२०६९) । गरिबी न्यूनिकरणको सहयात्रीको रूपमा वचत तथा ऋण सहकारीहरू एक अध्ययन विश्लेषण (नेपाल राष्ट्र्य बैंक समाचार) काठमाडौं : नेपाल राष्ट्र बैक गभर्नरको कार्यलय, जनसम्पर्क महाशाखा ।

सहकारी विभाग, (२०६९) । सहकारी सदस्य शिक्षामाला, नयाँ बानेश्वर : सहकारी विभाग।

सहकारी प्रशिक्षण केन्द्र (२०६६) । सहकारिता र नेपालमा यसको विकासक्रम, काठमाडौं : सहकारी प्रशिक्षण केन्द्र ।

सहकारी विभाग (२०६६) । त्रिवर्षिय अन्तरिम योजना सहकारी क्षेत्र । काठमाडौं : सहकारी विभाग ।

सुवेदी, आनन्दप्रसाद (२०५७), सहकारी संस्थाले गरेको आर्थिक लगानी एक, अध्ययन, काठमाडौं, कीर्तिपुर ।

सहकारी विभाग (२०७०), नेपालको सहकारी संघ संस्थाहरू सम्बन्धी तथ्याङ्कीय विवरण, काठमडाौं : सहकारी विभाग नेपाल सरकार ।

वम, हर्क बहादुर (२०७२), वचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव एक अध्इयन : कैलाली जिल्ला ( अप्रकाशित शोधपत्र)

अर्थशास्त्र विभागः शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर ।

अधिकारी, विष्णु प्रसाद (२०६८) सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभावको एक अध्इयनः अप्रकाशित शोध पत्र काठमाडौं महानगरपालिका अर्थशास्त्र विभाग : शिक्षाशास्त्र स.काय केन्द्रीय विभाग कीर्तिपुर ।

ओभ्का, यज्ञप्रसाद (२०६४), विरेन्द्र नगरपालिकामा साना सहकारी संथका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिहावलोकन, अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानविकी केन्द्रय विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

ADB/N. (1988). Programme Reivew and Planning Workshop, Kathmandu : Agriculture Development Bank.

CBS. (2012). Statistical Pulletin, Kathmandu : Central Bureau of Statistics.

Chaudhary, P. (2008). Role of co-operatiove in rural women empowrement. Unpublished, Dissertation, Central Department of Rural Development, T.U. Kirtipur.

Gurung, R.K. (2002). An economic impact of micro credit project for women (MCPW) in Nepal. Unpublished Dissertation, Central Department of Economics, T.U., Kirtipur.

Timalsina, R.P. (2003). Effective of small former development programme. Unpublished Dissertation, Central Department of Economics, T.U., Kirtipur.

## अनुसूची-१

## सहकारी संस्थाका संयोजकको लागि प्रश्नावली

१. परिचछय

क) सहकारी संस्थाको नाम :

ख) अध्यक्षको नाम :

ग) ठेगाना :

२) सहकारी संस्थाको विवरण

| क.सं. | कर्मचारीको नाम | उमेर | पद | शिक्षा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

३. तपाईको सहकारी संस्थाको स्थापना कहिले भएको हो ?

क) ......................... साल

४. यस सहकारी संस्थाका शेयर होलडरहरू कति जना छन् ?

क) ........................ जना

५. यस सहकारी संस्थामा ऋण र छन् ?

क) ............................. जना

६. यस संस्थामा आवद्ध सदस्यहरू कति छन् ?

क) ............................. जना

७. य संस्थामा नियमित वचत गर्ने सदस्यहरू कति छन् ?

क) ............................. जना

८. यस संस्थामा मुद्धति खातामा वचत गर्ने सदस्यहरू कति छन् ?

क) ............................. जना

९) यस संस्थाममा प्रति दिन कति वचत हुन्छ ?

क) ............................. हजार ख) ............................. लाखमा

११) यस सहकारीमा संस्थापमा कतिजना कर्मचारी कार्यरत छन् ?

क) ............................. जना

१२. यस संस्थाबाट गरिएका कर्जा लगानीको वार्षिक विवरण

| आर्थिक लगानी क्षेत्र | आ.व. | व्याजदर | रकम (रु) मा |
|---|---|---|---|
| २०६९/०७० | | | |
| २०७०/०७१ | | | |

१३. यस संस्थाबाट गरिएको कर्जा लगानीको वार्षिक विवरण

| कर्जा लगानी क्षेत्र | आ.व. | ब्याजदर | रकम (रु) मा |
|---|---|---|---|
| शिक्षा | २०७०/०७१ | | |
| भवन निर्माण | २०७०/०७१ | | |
| व्यापार | २०७०/०७१ | | |
| वैदेशिक रोजगार | २०७०/०७१ | | |
| लघु उद्यम | २०७०/०७१ | | |
| कृषि | २०७०/०७१ | | |

१४. यस संस्थामा वचत गर्दा दिइने ब्याजदरको विवरण

| निक्षेपको प्रकार | अवधि | ब्याजदर |
|---|---|---|
| नियमित वचत | .................. वर्षे | .................. % |
| ऐच्छिक वचत | .................. वर्षे | .................. % |
| आवधिक वचत | .................. वर्षे | .................. % |
| | .................. वर्षे | .................. % |

१५. यस संस्थाको सम्पत्ति विवरण

| सम्पत्ति तथा जायजेथा | २०६९/०७० | आ.व. २०७०/०७१ |
|---|---|---|
| नगद | | |
| बैंक | | |
| शेयर लगानी | | |

| | | |
|---|---|---|
| अन्य लगानी | | |
| स्थिर लगानी | | |
| स्थिर सम्पत्ति | | |
| अन्य | | |

१६. यस संस्थाबाट गरिएको वार्षिक खर्च विवरण

| आर्थिक वर्ष | खर्च रकम (रु) मा |
|---|---|
| २०६९/०७० | |
| २०७०/०७१ | |

१७. यस संस्थाको वार्षिक आम्दानी विवरण

| आर्थिक वर्ष | आम्दानी रकम (रु) मा |
|---|---|
| २०६९/७० | |
| २०६९/७० | |

अनुसूची -२

१.	परिचय

सहकारीको सदस्यको नामः

जात :	पेशा :

उमेर :	लिङ्ग : महिला/पुरुष

२.	यस नेपाल बहुउद्देश्य सहकारी संस्थापन तपाई किन सहभागी हुनुभयो ?

क.	वचत गर्न

ख.	ऋण प्राप्त गर्न

ग.	भविष्यको सजिलो लागि

घ.	सस्तो व्याजदरमा ऋण पाउन

३.	तपाईले ऋण कहाँबाट प्राप्त गर्नु भएको छ ?

क.	साहु/ महाजन

ख.	वैक तथा वितिय संस्थााट

ग.	छिमेकी

घ.	आफनट

४.	साहु महाजनबाट ऋण लिँदा कति प्रतिशत व्याजमा लिने गर्नुहुन्छ ?

......................................................................................................

५.	के तपाईले बैंक तथा वितिय संस्थाबाट ऋण लिनु भएको छ ?

क. छ	ख. छैन

६. के तपाईले बैंक तथा वितिय संस्थाबाट ऋण लिनु भएको भए व्याज कति प्रतिशत तिर्नु भएको भए व्याज कति प्रतिशत तिर्नुहुन्छ ?

..........................................................................................

७. यस सहकारी संस्थामा कहिले देखि सदस्य बन्नु भएको हो ?

..........................................................................................

८. तपाईले यस सहकारीबाट कुन उद्देश्यले ऋण लिनु हुन्छ ?

क. शिक्षा घ. कृषि

ख. व्यापार ङ अन्य

ग. भवन निर्माण

९. तपाईले लेख्न पढ्न सक्नु हुन्छ ?

क. सक्छु ख. सक्दिन ?

१०. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

..........................................................................................

११. तपाईको परिवारमा पुरुष कतिजना हुनुहुन्छ ?

..........................................................................................

१२. तपाईको परिवारमा कतिजना साक्षर हुनुहन्छ ?

..........................................................................................

१३. तपाईले कति सम्म अध्ययन गर्नुभएको छ ?

क. साधारण ख. प्रा.वि. तह

ग. मा.वि. तह घ. उच्च शिक्षा

ङ. अन्य...

१४. तपाई आफ्नो बालबालिकालाई पढ्न कहाँ पढाउनुहन्छ ?

क. निजी विद्यालय ख. सरकारी विद्यालय

१५. तपाईको बालबालिका कति छन् ?

..........................................................................................

१६. तपाईको बालबालिकाहरू कति कति वर्षका छन् ?

क. ...................................

ख. ...................................

ग. ...................................

घ. ...................................

१७. तपाईको बालबालिकाहरू कुन कुन तहमा अध्ययन गर्दैछन् ?

क. प्रा.वि. ख. नि.मा. वि.

ग. मा.वि. घ. उ.मा.वि.

ङ. उच्च शिक्षा

१८. तपाईको यस सहकारीाट ऋण लिनु भएको छ ?

क. छ ख. छैन

१९. यदि ऋण लिनु भएको छ भने व्याजदर कति प्रतिशत छ ?

क. १२ प्रतिशत ख. १४ प्रतिशत

ग. १६ प्रतिशत घ. अन्य ...

२०. तपाईले यस संस्थाबाट लिएको ऋणको व्याजदर तपाईलाई कस्तो लाग्छ ?

क. सस्तो ख. महँगो

ग. अरुतितिय संस्था जतिकै घ. सामान्य

२१. सहकारी संस्थाबाट ऋण आफुले चाहेको समयमा पाइन्छ ?

क. पाइन्छ ख. ढिला हुन्छ

२२. बहुउद्देश्य सहकारी संस्थामा सरीर हुँदा र नहुँदाको अवस्थामा तपाईको आर्थिक स्थितिमा केही फरक पाउनु भएको छ ?

क. फरक छ ख. छैन

ग. खासै छैन घ. धरै फरक

२३. संस्थाबाट लिएको ऋण उद्देश्य अनुसार नै खर्च गर्नुहुन्छ ?

क. उद्देश्य अनुसार नै खर्च गर्छु

ख. खासै उद्देश्य अनुसार गर्दिन

२४. संस्थाबाट लिएको ऋण समयमा भुक्तान गर्नु भएको छ ?

क. छ ख. छैन

२५. यदि समयमा भुक्तान गर्नु भएको छैन भने किन ?

..........................................................................................

२६. तपाईले लिनु भएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायाट निर्देशन वा निरिक्षण हुन्छ ?

क. हुँदैन ख. हुन्छ

२७. तपाईले सहकारी संस्था संलग्न भएर कुनै तालिम पाउनु भएको छ ?

क. छ ख. छैन ग. सामान्य लिएको छु

२८. तपाईले प्राप्त गर्नुभएको तालिम कुन हो ?

क. सीपमुलक/आयमुलक

ख. चेतनामुलक

ग. नेतृत्व विकास

घ. अन्य ...

२९. तपाई सहकारी संस्थामा संलग्न भएर सन्तुष्ट हुनुहुन्छ ?

क. छ ख. छैन

३०. तपाईको वार्षिक आम्दानीका स्रोतहरू के के हुन् र ति स्रोतहरूबाट कति आम्दानी हुन्छ ?

क. कृषि रु..........................

ख. जागिर रु..........................

ग. व्यापार रु..........................

घ. वैदेशिक रोजगार रु..........................

ङ. अन्य रु..........................

३१. तपाईको वार्षिक आम्दानीबाट वार्षिक खर्च कुन कुन क्षेत्रमा कति कति गर्नुहुन्छ ?

क. कृषि रु..........................

ख. स्वास्थ्य रु..........................

ग. शिक्षा रु.........................

घ. सामाजिक क्षेत्र रु.........................

ङ. चार्टपर्व रु.........................

च. अन्य रु.........................

३२. तपाईको वर्षमा कति रकम वचत हुन्छ ?

क. ....................................?

अनुसूची -३

नमूना छनोटमा परेको सहकारी संस्थाको कर्मचारी विवरण

| क.सं. | कर्मचारी नामावली | पद |
|---|---|---|
| १. | दिपक ओझा | कार्यालय प्रमुख |
| २. | रोहित कुमार गणेश | ब.स. प्रथम |
| ३. | अशोक कुमार गणेश | ब.स. प्रथम |
| ४. | स्मीता चौधरी | ब.स. तृतिय |
| ५. | उर्मिला देवी भण्डारी | कार्यालय सहयोगी |
| ६. | तेजराज नेपाल | बजार प्रतिनिधि |
| ७. | लक्ष्मि प्रसाद तिम्सीना | बजार प्रतिनिधि |
| ८. | राम प्र. भट्टराई | बजार प्रतिनिधि |
| ९. | नारायण प्र. ओझा | बजार प्रतिनिधि |
| १०. | कल्पना राजवंशी | बजार प्रतिनिधि |
| ११. | विष्णु कुमारी जि.मि. | सुरक्षा गार्ड |
| १२. | हिम बहादुर लामिछाने | सुरक्षा गार्ड |

संयोजक : श्री तोपप्रसाद भट्टराई

अनुसूची ५

लीषत समूह छलफल निर्देशिका

क. लक्षित समूह छलफल सञ्चालन गर्नुपर्व २५/३० जनाको समूह निर्माण गर्नुपर्दछ।

ख. समूह निर्माण गर्दा एउटै पृष्ठभूमि र विशेषता भएका सदस्यहरूको समूह हुनुपर्दछ।

ग. लक्षित समूह छलफलको लागि समेट्नुपर्ने सम्भावित मुद्दाहरू खुला रूपमा ५/६ प्रश्न बनाई समावेश गर्नुपर्दछ।

घ. लक्षित समूह छलफलको लागि उपयुक्त स्थान र समय निर्धारिण गरेको हुनुपर्दछ।

ङ. लक्षित समूह छलफलको लागि बनाएका प्रश्नहरूमा क्रमबद्ध रूपमा संगठन गरेको हुनुपर्दछ।

६. संकलित तथ्यांकहरूलाई विभिन्न संकेत र शीर्षकमा वर्गीकरण गरी अनुसन्धानको उद्देश्य अनुसार विश्लेषण गर्नुपर्दछ।

लक्षित समूह छलफलका लागि तयार गरिउको प्रश्नावली

क. नेपाल बहुउद्देश्य सहकारी संस्थाको वार्षिक आमदानी कति रहेको छ ?

ख. बहुउद्देश्य सहकारी संस्थाले कुन कुन क्षेत्रबाट आम्दानी गर्दछ ?

ग. सहकारीले आकुले गरेको आम्दानी कुन कुन क्षेत्रमा लगानी गरेको छ ,

अनुसूची ४

अवलोकन सूची

१. सदसइहरूको घरपरिवार सदस्य संख्या

२. सदस्यहरूले गर्ने आर्थिक क्रियाकलाप/पेशा

३. ऋण लिनुका उद्देश्यहरू

४. ऋण लिने स्रोतहरू

५. आम्दानीका स्रोतहरू

६. बालबालिकाहरूको शैक्षिक अवस्था

७. अध्इयन गर्ने संस्था, सरकारी, नीजि

८. बालबालिकाहरूको उमेगत अवस्था

अनुसूची ३

नमूना छनोट परेका सहकारीमा संलग्न सदस्यहरूको नामावली:

| क्र.सं. | नावली | क्र.सं. | नामावली |
|---|---|---|---|
| १. | बालकृष्ण राजवंशि | ५१. | शिवराज शाह |
| २. | नारायण सि.थापा | ५२. | सविन |
| ३. | हेमा राजवंशी | ५३. | फुल कुमारी माझी |
| ४. | सेतीमाया सारुमगर | ५४. | किजामाया थापा |
| ५. | चिन्तामणी रिजाल | ५५. | मान बहादुर कार्की |
| ६. | मनोरथ शर्मा | ५६. | खिला माया बस्नेत |
| ७. | गीतादेवी शर्मा | ५७. | रामु मण्डल |
| ८. | शंकर विश्वकर्मा | ५८. | शिव बहादुर थापा |
| ९. | ललिता नेपाली | ५९. | कोष बहादुर थापा |
| १०. | खिम बहादुर थापा | ६०. | रविना वि.क. |
| ११. | प्रेम बहादुर थापा | ६१. | विनिता कर्मकार |
| १२. | होम बहादुर थापा | ६२. | विकास थापा |
| १३. | शुशिला रिजाल | ६३. | लिलामाया गजमेर |
| १४. | खडानन्द सिग्देल | ६४. | निर्मला माझी |
| १५. | भविसरा राजवंशी | ६५. | कृष्ण कुमारी थापा |
| १६. | सीता पोखरेल शर्मा | ६६. | रमिला कर्मकार |
| १७. | कोपिला रिजाल | ६७. | कोपिला टुडु |
| १८. | उमामाया शर्मा | ६८. | बबिता कुमारी |
| १९. | उद्धव नारायण रिजाल | ६९. | कुशमाया बराइली |
| २०. | गोविन्द प्रसाद शर्मा | ७०. | ईश्वरी बराइली |
| २१. | दुर्लभ मणी रिजाल | ७१. | चित्रा कुमारी कर्मकार |
| २२. | सौगात राजबंशि | ७२. | शर्मिला मुर्मु |
| २३. | भवनाथ शर्मा | ७३. | सीता माया रसाइली |
| २४. | कुमार प्रसाद सिग्देल | ७४. | रीता कुमारी राजवंशी |
| २५. | मनोज कुमार भण्डारी | ७५. | निर्मला शाह |
| २६. | शिवप्रसाद रिजाल | ७६. | देवीका राई |
| २७. | चुडामणी सिग्देल | ७७. | रन्जना तामाङ |
| २८. | पवित्रा वि.क. | ७८. | केशरी थमसोङ |
| २९. | ठुलीमाया दमाई | ७९. | हिरा माझी |
| ३०. | ममता नेपाली | ८०. | सीता कुमारी मण्डल |
| ३१. | संगिता वि.क. | ८१. | ज्योतिमाया राई |
| ३२. | सेतुमाया सुनार | ८२. | अमृता थापा |
| ३३. | सविता कुमारी सुनार | ८३. | दिपा तामाङ |
| ३४. | हुमन्त राजवंशी | ८४. | यम कुमारी लिम्बु |
| ३५. | रिमबाबु कर्यकार | ८५. | हिरा सिं थापा |
| ३६. | राधेश्याम थापा | ८६. | कमान सिं थापा |

| | | | |
|---|---|---|---|
| ३७. | मोनिका थापा | ८७. | कुल बहादुर मगर |
| ३८. | हिमाल राजवंशी | ८८. | बल हादुर वि.क. |
| ३९. | राजकुमार थापा | ८९. | उदयनारायण गणेश |
| ४०. | ज्ञानेन्द्र मल्ल | ९०. | गोपाल थापा |
| ४१. | सन्तोष वि.क. | ९१. | जीवन राजबँशी |
| ४२. | सुजन गणेश | ९२. | चित्र नारायण भट्टराई |
| ४३. | प्रेमबहादुर गणेश | ९३. | कोमान सिं राई |
| ४४. | दिपनारायण पण्डित | ९४. | मुक्त बहादुर थापा |
| ४५. | रमेश थापा | ९५. | नर बहादुर थापा |
| ४६. | भिम बहादुर वि.क. | ९६. | दिपेन्द्र गणेश |
| ४७. | जीवन वि.क. | ९७. | रमेश मण्डल |
| ४८. | रविन कर्मकार | ९८. | खड्ग बहादुर थापा |
| ४९. | अन्तरे दाहाल। | ९९. | अगम सिंह थापा |
| ५०. | कालुमान कार्की | १००. | डम्बर थापा |

अनुसूची ६

नमुना छनौटमा परेका सहकारीमा संलग्न सदस्यहरूको नामावली:

| क्र.सं. | नामावली | क्र.सं. | नामावली |
|---|---|---|---|
| १. | श्याम शाह | ५५. | शेखर प्रसाद कोइराला |
| २. | जयप्रकाश राजवंशी | ५६. | श्याम दाहाल |
| ३. | कागु राजवंश | ५७. | रमेश कुमार श्रेष्ठ |
| ४. | अस्रिता राजवंशी | ५८. | गणेश राई |
| ५. | अनक राजवंशी | ५९. | विश्वनाथ राजवंशी |
| ६. | प्रकाश घिमिरे | ६०. | मोती राजवंशी |
| ७. | टेकनाथ राजवंशी | ६१. | हरिचन्द्र राजवंशी |
| ८. | नविन ढुङ्गाना | ६२. | डाली कुमारी वि.क. |
| ९. | निठुमाया घिमेरे | ६३. | हस्तकला वनेम |
| १०. | चन्द्र राजवंशी | ६४. | सुरेन्द्र चौधरी |
| ११. | हरि वस्नेत | ६५. | इनदीरा श्रेष्ठ लिम्बू |
| १२. | गोपाल शाह | ६६. | जोगलाल राजवंशी |
| १३. | दीपेन्द्र राजवंशी | ६७. | रम्मा राजवंशी |
| १४. | दिलीप राजवंशी | ६८. | कमल दास वानिया |
| १५. | विषमलाल गणेश | ६९. | मोहन राजवंशी |
| १६. | भुपाल प्रसाद दंगाल | ७०. | रबिलाल गुरुङ |
| १७. | कुल ब. कार्की | ७१. | रुना मुखिया |
| १८. | विष्णु माया दाहाल | ७२. | राम नरेश मुखिया |
| १९. | मधु सुदन पौडेल | ७३. | चन्द्र कुमार तावा |
| २०. | निलम झा | ७४. | मोहन राजराई |
| २१. | केशव राज आचार्य | ७५. | बिमला सुब्बा |
| २२. | रञ्जित मण्डल | ७६. | तिल प्र. गौतम |

| | | | |
|---|---|---|---|
| २३. | मन प्रसाद खनाल | ७७. | गुवा सरी राजबंशी |
| २४. | राम शाह | ७८. | पवन कुमार राजबंशी |
| २५. | चनद्र राजवंशी | ७९. | रङलाल राजवंशी |
| २६. | देवलाल राजवंशी | ८०. | हिरमणी माझी |
| २७. | रामजी घिमिरे | ८१. | हेमलाल घिमिरे |
| २८. | नविन ढुङ्गाना | ८२. | शिरिमणि पौडेल |
| २९. | वसन्त वानिया | ८३. | रजवी लुइटेल |
| ३०. | विकास राई | ८४. | रिता सापकोटा |
| ३१. | मिटुमाया बस्नेत | ८५. | प्रुना प्रसाद बस्नेत |
| ३२. | निरमाया घिमिरे | ८६. | मुलुक चन्द्र राजंशंशी |
| ३३. | दिपक कोइराला | ८७. | रूपचन राजवंशी |
| ३४. | मनोज भण्डारी | ८८. | गोमुलाल राजवंशी |
| ३५. | शंकर कार्की | ८९. | थिम प्रसाद भट्टराई |
| ३६. | राम थापा | ९०. | पखुवा राजवंशी |
| ३७. | संगीता राई | ९१. | लक्ष्मण विश्वकर्मा |
| ३८. | सन्तोष भट्टराई | ९२. | नर ब. लिम्बु |
| ३९. | सविन भण्डारी | ९३. | राम . माझी |
| ४०. | हरिचन्द्र राजवंशी | ९४. | ककुरी मुखिया |
| ४१. | लालचन यादव | ९५. | माया लाल राजवंशी |
| ४२. | रम्बा राजवंशी | ९६. | छविलाल राजवंशी |
| ४३. | सुरेन्द्र शाह | ९७. | राम नरेश मुखिया |
| ४४. | रामबहादुर थापा | ९८. | हिरण कुमार राजवंशी |
| ४५. | तवलकिशोर शाह | ९९. | नारायण सिंह राजवंशी |
| ४६. | योग्य विधिभण्डारी | १००. | गंगासरी राजवंशी |
| ४७. | विषमलाल गणेश | १०१. | विमला दाहाल |
| ४८. | भुपाल प्रसाद ढंगाल | १०२. | चन्ता राजवंशी |
| ४९. | कालगुनन्द लिम्बु | १०३. | भागवती राजवंशी |
| ५०. | बुधलाल राजवंशी | १०४ | पिङकी मण्डल |
| ५१. | तिर्थ कुमार दाहाल | १०५. | प्रिती शाह |
| ५२. | कुल बहादुर कार्की | १०६. | अरुणा राजवंशी |
| ५३. | निलम झा | १०७. | |
| ५४. | विष्णुमाया दाहाल | १०८ | |